सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ चैत २०८०, शनिबार (16 Mar 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सुनसम्बन्धी आयोगको प्रतिवेदन कार्यान्वयनमा

मन्त्रिपरिषद् बैठकले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेलगत्तै गृह मन्त्रालय 'एक्सन'मा, अनुसन्धानमा त्रुटि गर्ने सिआइबी प्रमुखसहितका चार अधिकारी हेडक्वार्टर तानिए, आयोगले दोषी देखाएका कसैलाई पनि नछाडिने गृहमन्त्री रवि लामिछानेको भनाइ

■ मन्त्रिपरिषद् बैठकमा गृहमन्त्रीलाई निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले भने-

सिंगै क्याबिनेटको साथ छ, अगाडि बढ्नुस्

गृह मन्त्रालयले गर्नुपर्ने कारबाही अगाडि बढाउनुस् । यसमा दायाँबायाँ केही सोच्नुपर्दैन । निर्दोष फस्नुभएन, दोषी उम्किनुभएन, त्यसका लागि स्पष्ट रूपमा जे गर्नुपर्ने हो, गर्नुस् । जो कोही व्यक्ति भए पनि प्रतिवेदनले जे औंल्याएको छ, त्योअनुसार गर्नुस् । कुनै पनि हिसाबले कसैसँग पनि सम्झौता हुँदैन । सिंगै क्याबिनेटको साथ छ, अगाडि बढ्नुस् ।

■ उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले नयाँ पत्रिकासँग भने-

प्रतिवेदन कार्यान्वयन सुरुवात भयो, यो सिलसिला रोकिन्न

आयोगले प्रतिवेदन बुझाएको २४ घण्टा नबित्दै कार्यान्वयनमा लगिएको छ । कुनै पनि आयोगको प्रतिवेदन यति शीघ्र कार्यान्वयनमा गएको सम्भवतः यो पहिलो घटना हो । प्रतिवेदनको सुझावअनुसार सिआइबीको प्रमुख, एक एसपी र दुई डिएसपीलाई जिम्मेवारीबाट हटाइएको छ । प्रतिवेदन कार्यान्वयन सुरुवात भयो, यो सिलसिला रोकिन्न ।



सुन तस्करीसम्बन्धी जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाउँदै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने । तस्बिर : रासस

टेकराज थामी, कमलराज भट्ट/नयाँ पत्रिका

सुन तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदन सरकारले कार्यान्वयनमा लगेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेलगत्तै गृह मन्त्रालय 'एक्सन'मा उत्रिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रमुखसहितका अधिकारीमाथि विभागीय कारबाही सुरु भएको छ ।

त्रिभुवन विमानस्थलबाट ६०.७१६ किलो र इलेक्ट्रिक चुरोट (भेप)मा लुकाई ल्याइएको साढे नौ किलो सुन तस्करीसम्बन्धी जाँचबुझ गर्न पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा गठित आयोगले बिहीबार उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई प्रतिवेदन बुझाएको थियो । उनले शुक्रबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाउँदै त्यसबारे 'ब्रिफिङ' गरेका थिए । साँझ बोलाइएको मन्त्रिपरिषद्को आकस्मिक बैठकले प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजाने निर्णय गरेको हो ।

मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री प्रचण्डले सरकारको प्राथमिकता सुशासन रहेको भन्दै आयोगको प्रतिवेदन कार्यान्वयन गरेर तस्करीविरुद्ध निर्मम लडाइँ लड्नुपर्ने बताएका थिए । उनले गृहमन्त्री लामिछानेलाई दोषी नउम्किने र निर्दोष नफस्ने गरी अगाडि बढ्न निर्देशन दिएका थिए । 'गृह मन्त्रालयले गर्नुपर्ने कारबाही अगाडि बढाउनुस् । यसमा दायाँबायाँ केही सोच्नुपर्दैन । निर्दोष फस्नुभएन, दोषी उम्किनुभएन, त्यसका लागि स्पष्ट रूपमा जे गर्नुपर्ने हो, गर्नुस् । जो-कोही व्यक्ति भए पनि प्रतिवेदनले जे औंल्याएको छ, त्यसअनुसार गर्नुस् । कुनै पनि हिसाबले कसैसँग पनि सम्झौता हुँदैन । सिंगै क्याबिनेटको साथ छ, अगाडि बढ्नुस्,' मन्त्रिपरिषद्मा प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै एक मन्त्रीले भने ।

आयोगको सुझावअनुसार नै सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यसहितका

» पृष्ठ २ मा क्रमशः

■ पूर्वउपराष्ट्रपतिका सल्लाहकार जीवन गुरुङविरुद्ध मुद्दा दर्ता, छोरा पक्राउ



जीवन गुरुङ



दीपेश पुन

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका सल्लाहकार जीवन गुरुङविरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले शुक्रबार उनीविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो । उनीविरुद्ध एक अर्ब ४० करोड रुपैयाँ बिगोसहित पाँच वर्ष कैद सजाय माग गरिएको छ । विमानस्थलबाट भएको १४ किलो सुन तस्करीमा गुरुङको संलग्नता रहेको खुलेको थियो । त्यस्तै, पूर्वउपराष्ट्रपतिका छोरा तथा विद्यार्थी नेता दीपेश पुन शुक्रबार साँझ पक्राउ परेका छन् । सहकारी ठगी प्रकरणमा समेत मुछिएका उनलाई प्रहरीले साँझ धुम्बराहीबाट पक्राउ गरेको हो । रुपन्देहीमा उनीविरुद्ध सहकारी ठगीसम्बन्धी उजुरी परेकाले साँझ नै बुटवल लगिएको स्रोतले जनाएको छ ।

■ सिआइबी प्रमुख किरण बज्राचार्यसहित चार अधिकारी हेडक्वार्टर तानिए



किरण बज्राचार्य



सञ्जयसिंह थापा



रुगम कुँवर



दुर्गा दाहाल


आयोगको सुझावअनुसार नै सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यसहितका अधिकारीलाई विभागीय कारबाही थालिएको गृहमन्त्री रवि लामिछानेले बताए । एआइजी बज्राचार्यसँगै एसपी सञ्जयसिंह थापा तथा डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाललाई हेडक्वार्टर तानिएको छ । उनीहरूले अनुसन्धानका क्रममा तस्करीमा जोडिएका 'हाई प्रोफाइल' व्यक्तिहरूलाई उन्मुक्ति दिएको आयोगको ठहर छ ।

■ ६८ जनासँग आयोगको बयान, सातविरुद्ध मुद्दा चलाउन सिफारिस

सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगले ६८ जनासँग बयान लिएको थियो । माओवादी नेता कृष्णबहादुर महरा, दीपेश पुन, जीवन चलाउने, मञ्जिल श्रेष्ठ, जीवन गुरुङ, भीमकान्त भण्डारीसहित सातजनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको छ । तस्करीमै संलग्न ३३ जनाविरुद्ध यसअघि नै सिआइबीले मुद्दा चलाइसकेको छ । अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका तत्कालीन महानिर्देशक फलमराम अधिकारीसहितका केही व्यक्तिका गतिविधि राज्यको रेकर्डमा राखेन सिफारिस गरेको छ भने केहीलाई मुद्दाबाट सफाइ दिनुपर्ने भनिएको छ । सिआइबीले प्रतिवादी बनाएका ३३ अभियुक्त र प्रतिवादी नबनाएका २१ जनासँग पनि आयोगले बयान लिएको थियो । त्यस्तै, थप १४ जनासँग पनि बयान लिएको थियो ।

झन् नयाँ

....अनि हिमाल रक्ताम्मे देखेँ



मृत्यु-मन्थन

• दाबाटासी शेर्पा, हिमाल आरोही

हिमाल चढ्दा
पटक-पटक मेरर बाँचेको मान्छे ।
वेलावेला सोचिरहन्छु-
मेरा अगाडि र पछाडिका
शेर्पाहरू किन बचेनन् ?
म मात्रै किन बाँचेँ होला ?

कठपुतली प्रधानमन्त्री बन्ने रहर भएन




संस्मरण

• महन्थ ठाकुर

केपी ओलीले संसद् विघटन गरिसकेपछि त्यसको विपक्षमा बनेको गठबन्धनले मलाई प्रधानमन्त्रीका लागि अफर गऱ्यो । तर, अल्पमतको पार्टीले त्यस्तो प्रस्ताव किन स्विकार्ने ? स्विकारेर पनि के गर्ने ? केवल फोटो झुन्ड्याउन, इतिहासमा नाम लेखाउन, कठपुतली प्रधानमन्त्री बन्ने रहर भएन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

LITMUS CABLES
QUALITY मा NO. 1



NEPAL'S LARGEST WIRES & CABLES BRAND

9801914455
litmus@rameshcorp.com

■ रमजान 'मुबारक'



इस्लाम धर्मावलम्बीको महान् पर्व रमजानको पहिलो शुक्रबार घण्टाघरस्थित जामे मस्जिदमा मुस्मिल समुदायले नवाज पढेर शुभकामना आदानप्रदान गरेका छन् । विश्वभरका इस्लाम धर्मावलम्बी मुसलमानहरूले अन्य महिनाभन्दा यो महिनालाई पवित्र र महान् मान्दछन् । रमजान महिना मंगलबारदेखि सुरु भएको हो । एक महिना चल्ने यस पवित्र महिनामा मुसलमानहरू दिनभरि निराहार बस्छन् । निराहार बस्नुलाई रोजा भनिन्छ ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

विशेष अदालतमा फैसला धमाधम, लेखनमा विलम्ब

मुद्दा फैसला अनुपात दैनिक चारदेखि पाँच, तर दैनिक एकदेखि दुईवटा मात्र फैसला तयार



लेख्न बाँकी फैसला कति छन् भन्नेबारे यकिन तथ्यांक विशेषसँग छैन

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर भन्छन्-

हामी मुद्दासँग सम्बन्धित कागजात र फैसला घरमै लगेर, बिदाको दिन पनि लेखिरहेकै छौं । अबदेखि हामी नयाँ अभ्यास थाल्दै छौं । शुक्रबार इजलास लाग्दैन, न्यायाधीश र सम्बन्धित कर्मचारीहरूसमेत मिलेर फैसला लेखनका काम मात्र गर्छौं ।

शिल्पा कर्ण/नयाँ पत्रिका

६ न्यायाधीश रहने विशेषमा इजलास पूरा छ । तर, पर्याप्त कर्मचारी जनशक्ति नहुँदा फैसला लेखनमा भने ढिलाइ छ । दरबन्दीअनुसार कर्मचारी भए पनि फैसलाको र लेखनको गतिको तालमेल मिलेको छैन ।

तीन महिनाअघि सरुवा भई आएको न्यायाधीशको नयाँ टिमले धमाधम फैसला गरिरहँदा अपर्याप्त कर्मचारीका कारण फैसला लेखन भने सन्तोषजनक छैन । लेख्न बाँकी फैसला कति छन् भन्नेबारे विशेषसँग यकिन तथ्यांक नभएर ढिलाइ भएको अदालत स्विकार्छ ।

'हामी पुराना मुद्दा फर्स्योट गर्दै छौं । यही ढंगले काम गर्दै गयौं भने असारसम्म लक्ष्य पूरा गर्छौं,' विशेषका अध्यक्ष टेकनारायण कुँवर भन्छन्, 'तर, फैसला लेखनमा डेलिभरी दिन सकिरहेका छैनौं, जनशक्ति अपुग नै छ ।'

विशेष अदालतमा ६ न्यायाधीश रहन्छन् । तीन-तीनजना सम्मिलित दुईवटा इजलास छन् । कर्मचारी ४९ जना छन् । फैसला लेखनमा सम्बन्धित न्यायाधीशका साथै मुख्यतः अधिकृत र नायब सुब्बास्तरका कर्मचारीको संलग्नता रहन्छ ।

विशेषमा १० जना शाखा अधिकृतको दरबन्दी रहेकोमा एकजना काजमा त्यहीं कार्यरत रहेकाले ११ जना शाखा अधिकृत छन् । जसमध्ये दुई इजलासलाई गरी चार-चारजना इजलास अधिकृत छन् । बाँकी तीनमध्ये एकजना प्रशासन, अर्का सुपरिवेक्षण र एक अधिकृत लगत तथा अभिलेख शाखाको जिम्मेवारीमा छन् ।

अधिकृतका साथै कम्प्युटर अप्रेटरले पनि इजलासमा बसी टिपोटमा सहयोग गर्छन् र फैसला टाइप गर्छन् । कम्प्युटर अप्रेटरमा दुईजनाको स्थायी दरबन्दी छ । दुईजना करारमा छन् । एकजना स्थायी दरबन्दी कर्मचारीको सरुवापछि हाल तीनजना उक्त पदमा छन् ।

'टिपोटका काम कहिलेकाहीं फाँटकाले पनि गर्छन् । जुन स्पिडमा फैसला भइरहेको छ, त्यो ऐनअनुसार पनि राम्रो हो ।

» पृष्ठ २ मा क्रमशः

■ जनचासोका मुद्दा 'लाइभ स्ट्रिमिङ' गर्ने योजना

विशेष अदालतले जनचासोका मुद्दामा लाइभ स्ट्रिमिङ गर्ने योजना बनाएको छ । अदालतलाई प्रविधिसँग जोड्ने आफूहरूको नीति रहेकामा त्यसैको एउटा हिस्सा बहसको लाइभ स्ट्रिमिङ पनि रहेको विशेषका अध्यक्ष कुँवरले बताए ।

'सर्वोच्च अदालतले पनि केही मुद्दाहरूको संवैधानिक इजलासबाट सुनुवाइ गर्दा लाइभ स्ट्रिमिङ गरेको छ । हामीले पनि केही जनचासोका मुद्दाहरूको सुनुवाइमा यो प्रयोग गर्ने कि भनेर सर्वोच्च र प्रधानन्यायाधीशसँग अनुमति माग्छौं,' कुँवरले भने । यद्यपि, हालसम्म अनुमति भने आइसकेको छैन ।

हाइप्रोफाइल सम्मिलित मुद्दाका साथै थुप्रै प्रतिवादी रहेका मुद्दाहरूको सुनुवाइमा इजलास भरिभराउ हुने, कानुन व्यवसायी र पक्षहरूको चासो सम्बोधन गर्न भनी आफूहरूले यस्तो योजना बनाएको उनको भनाइ छ । पक्षहरूको इच्छा, मुद्दाका केही कुराको गोपनीयताजस्ता विविध कुरा ख्याल गर्दै लाइभमा बहस सुनाउने र यसले सर्वसाधारणमा अदालती प्रक्रियाबारे जानकारी हुने कुँवरको भनाइ छ । भारत, अमेरिकाजस्ता देशमा पनि यस्तो अभ्यास रहेको भन्दै उनले आवश्यक प्राविधिक तयारी पनि बिस्तारै हुँदै गरेको जानकारी दिए ।

विशेषले दुई सातांभित्र मोनिटर जडान गर्ने जनाएको छ । पहिले पनि बकपत्र भर्चुअल्ली हुने गरेकोमा त्यसलाई अझ व्यवस्थित र व्यापक बनाउँदै नेपाल वा विदेशबाटै बकपत्र गर्न सक्ने, कानुन व्यवसायीले बसेकै ठाउँबाट बहस गर्न सक्नेजस्ता सुविधा थप्दै छ ।

गाउँमै नुन पाउँदा उजेलियो अनुहार

नुन किन्न १५ सयभन्दा बढी खर्चेर, पूरा एक दिन हिँडेर सदरमुकाम मान्म धाउनुपर्ने बाध्यता हटेपछि कालिकोटको महावै गाउँपालिकाका स्थानीय खुसी भएका छन्

कालिकोटमा **रमेश सुनार**

कालिकोटको महावै गाउँपालिका बिर्तामोडका जर्मा सिंहको मुहारमा शुक्रबार बेग्लै चमक थियो । नहोस् पनि किन, १५ सयभन्दा बढी रुपैयाँ र पूरै एक दिन खर्चेर हिँड्दै सदरमुकाम मान्म पुगेपछि मात्र नुन देख्न पाउने जर्माले शुक्रबार घरनजिकै खुलेको डिपोबाट पाँच किलो नुन पाएकी थिइन् ।

उनको जस्तै खुसी पंख थापाको अनुहारमा पनि देखिन्थ्यो । वर्षौंपछि गाउँमा नुन पाउँदा केहीबेर उनलाई पत्यारसमेत लागेन । पछि उनले पनि एक किलोका पाँचवटा प्याकेट हातमा थापे । 'यति नुन लिन एक दिन हिँडेर सदरमुकाम मान्म धाउनुपर्ने बाध्यता छ । एकपटक सदरमुकाम जाँदा-आउँदा १५ सयभन्दा बढी पैसा खर्च हुन्छ । यस्तोमा गाउँमै नुन पाएपछि खुसी नलाग्ने कुरै भएन,' पंखले नयाँ पत्रिकासँग भने ।

घरनजिकै नुन पाउँदा खुसी देखिएकी जर्मा र पंखजस्ता अरू सबै स्थानीयलाई अहिले राखिएको डिपो अस्थायी हो भन्ने सुनेर भने केही दुःख लागेको छ । नुन लिन सदरमुकाम धाउनुपर्ने बाध्यता सदाका लागि हटिदिए हुन्थ्यो भन्ने उनीहरूको चाहना छ ।

महावै गाउँपालिका सदरमुकाम मान्मदेखि निकै टाढा मात्र छैन, विकट पनि छ । त्यसैले यहाँका स्थानीयले अन्य खाद्यवस्तु

» पृष्ठ २ मा क्रमशः



कालिकोटको महावै गाउँपालिकास्थित बिर्तामोडका नागरिकलाई नुन वितरण गर्दै पालिका अध्यक्ष खेमबहादुर सिंह

गृहमन्त्रीको राजीनामा माग्दै कांग्रेसले गऱ्यो संसद् अवरुद्ध



नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको राजीनामा माग गरेको छ। प्रतिनिधिसभाको शुक्रबार बसेको बैठकमा आकस्मिक, शून्य र विशेष समयमा बोल्दै कांग्रेस सांसदहरूले सहकारी अनियमितता प्रकरणमा मुछिएर अनुसन्धानको दायरामा रहेका लामिछानेलाई गृह मन्त्रालयको जिम्मेवारी दिनु स्वार्थको द्वन्द्व हुने भन्दै राजीनामाको माग गरेका हुन्।

सांसद प्रदीप पौडेलले प्रश्न र अनुसन्धानको घेरामा रहेका गृहमन्त्रीले नैतिकता देखाएर राजीनामा दिनुपर्ने बताए। 'आफूमाथि प्रश्न बोकेर उहाँ गृहमन्त्री हुनुहुँदैनथ्यो। प्रधानमन्त्रीले प्रश्न भएको मानिसलाई गृहमन्त्री बनाउन हुँदैनथ्यो, अनुसन्धानको घेरामा रहेका व्यक्तिलाई अनुसन्धानकै नेतृत्व गर्ने थलोको जिम्मेवारी दिनु उचित होइन,' उनले भने, 'गृहमन्त्रीज्यूलाई उच्च नैतिकताको आधारमा राजीनामा दिएर उदाहरण प्रस्तुत गर्न अनुरोध गर्दछु।' अनुसन्धानको घेराभित्र रहेको व्यक्ति सरकारको मुख्य पदमा हुँदा सहकारीपीडितको माग सम्बोधनको आशा गर्न नसकिने उनको भनाइ थियो। पौडेलले प्रश्नैप्रश्नले घेरिएका मान्छेलाई मन्त्रालय जिम्मा लगाएर प्रधानमन्त्रीले कस्तो सुशासन ल्याउन खोजेको भन्दै प्रश्न गरे। 'प्रश्नैप्रश्नले घेरिएका मान्छे बोकेर प्रधानमन्त्रीले कस्तो सुशासन ल्याउनुहुन्छ ? जसको अनुसन्धान जुन मन्त्रालयले गर्नुपर्ने हो, त्यही मन्त्रालयको तालाचाबी तिनै व्यक्तिलाई सुम्पिएर सुशासन आउन सक्छ ?' उनले सोधे।

अन्य सांसदहरूले पनि सहकारी अनियमितता प्रकरणमा अनुसन्धानको घेरामा रहेका लामिछानेलाई गृह मन्त्रालयको जिम्मेवारी दिनु स्वार्थको द्वन्द्व भन्दै राजीनामा मागेका थिए।

अभियोग लागेका र प्रश्न उठेका मन्त्रीहरू हटाउन यसअगाडि संसद्मा अवरोध भएको, सभामुखले पटक-पटक रुलिङ गरेको र प्रधानमन्त्रीले गठबन्धन परिवर्तन गरेर मन्त्री हटाउँदै समाधान दिएको नजिर उल्लेख गर्दै कांग्रेसले लामिछानेको हकमा प्रधानमन्त्रीसँग जवाफ मागिरहेको छ।

प्रधानमन्त्रीबाट जवाफ नआएको भन्दै कांग्रेसले शुक्रबार प्रतिनिधिलाई कार्यसूचीमा प्रवेश गर्न दिएन। करिब दुई घण्टा आकस्मिक, शून्य र विशेष समय चलाएको प्रतिनिधिसभामा राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयक पेस गर्ने र बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गर्ने कार्यसूची थियो।

तर, गृहमन्त्री लामिछानेबारे प्रधानमन्त्रीबाट जवाफ माग्दै कांग्रेसले सदनमा अवरोध गरेपछि बैठक कार्यसूचीमा प्रवेश गर्न सकेन। गृहमन्त्री लामिछानेले दलसम्बन्धी विधेयक प्रस्तुत गर्न लाग्दा कांग्रेसले अवरोध गरेपछि १५ मिनेटका लागि स्थगित भएको बैठक झन्डै डेढ घण्टापछि बस्दा कांग्रेसले वेल घेराउ गरेपछि आइतबार ११ बजेसम्मका लागि बैठक स्थगित भएको छ।

कार्यदलले टुंग्यायो न्यूनतम साझा कार्यक्रमको मस्यौदा



नयाँ पत्रिका

सरकारको न्यूनतम साझा नीति तथा कार्यक्रम निर्माणका लागि गठित कार्यदलले नीति तथा कार्यक्रमको मस्यौदालाई अन्तिम रूप दिएको छ। शुक्रबार बसेको कार्यदलको बैठकले ९ पेजमा समेटिएको न्यूनतम साझा कार्यक्रमको मस्यौदालाई अन्तिम रूप दिएको हो।

मस्यौदालाई अन्तिम रूप दिइएको र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओलीसहित पाँच दलका शीर्ष नेताहरूको समय व्यवस्थापन हुनेबित्तिकै हस्तान्तरण गर्ने कार्यदल सदस्य तथा जसपाका केन्द्रीय कार्यकारिणी सदस्य मनीष सुमनले बताए। ९ पेजमा समेटिएको न्यूनतम साझा कार्यक्रममा बाँकी चारवर्षे कार्यकालभित्र सरकारले गर्न सक्ने कामलाई मात्र समेटेको उनको भनाइ छ। 'यही कार्यकालभित्र गर्न सकिने काम मात्रै समेटिएका छन्, पहिले-पहिले जस्तो लामा विषय समेटिएका छैनन्,' सुमनले भने।

संघीयता कार्यान्वयनका लागि बाँकी कानुन निर्माणको प्रतिबद्धता, कृषि उत्पादन बढाउने कार्यक्रम, सन्तुलित विदेश नीति, जनतालाई छिटो-छरितो सरकारी सेवा प्रवाहमार्फत सुशासनको अनुभूति दिलाउने, कर्मचारीहरूको मनोबल बढाउनेलगायत विषय कार्यक्रमले समेटेको छ।

> १० सदस्यीय कार्यदलले ९ पेजको न्यूनतम साझा कार्यक्रममा बाँकी चारवर्षे कार्यकालभित्र सरकारले गर्न सक्ने कामलाई मात्र समेटियो, शीर्ष नेतालाई बुझाएपछि सार्वजनिक हुने

अघिल्लो वर्ष एमाले, रास्वपा र जसपा सरकारमा सामेल हुँदा बनेको नीति तथा कार्यक्रम सम्पादन गरेर ल्याउने सरकारको तयारी छ। प्रधानमन्त्री प्रचण्डले समीकरण परिवर्तनको निर्णय लिएसँगै २१ फागुनमा नीति तथा कार्यक्रमका लागि कार्यदल बनेको थियो। सरकारमा नेकपा एस पनि सामेल भएपछि सो पार्टीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव घनश्याम भुसाल पनि कार्यदलमा समेटिएका छन्।

कार्यदलमा एमाले उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव विष्णु रिमाल, माओवादीबाट उपमहासचिव वर्षमान पुन र जनार्दन शर्मा, रास्वपाबाट उपसभापति स्वर्णिम वाग्ले र महामन्त्री डा. मुकुल ढकाल तथा जसपाबाट केन्द्रीय कार्यकारिणी सदस्यद्वय मनीष सुमन र राजेन्द्र श्रेष्ठ सदस्य छन्। कार्यदलमा रहेका सबै सदस्यले शुक्रबार आ-आफ्ना सुझाव राखेका थिए। ती सबै सुझाव समेटेर मस्यौदालाई अन्तिम रूप दिइएको छ।

माओवादी स्थायी समिति बैठकमा प्रचण्डको ब्रिफिङ

कम्युनिस्ट आन्दोलन कमजोर बन्न नदिन एमालेसँग समीकरण र सहकार्य

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको कम्युनिस्ट आन्दोलन कमजोर बन्न नदिन एमालेसहित कम्युनिस्टहरूको नेतृत्वमा नयाँ सत्तासमीकरण बनेको दाबी गरेका छन्। पार्टी कार्यालय, पेरिसडाँडामा शुक्रबार बसेको स्थायी समिति बैठकमा पछिल्लो सत्तासमीकरणबारे ब्रिफिङ गर्दै माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले भारतको पश्चिम बंगालबाट पाठ सिक्नुपर्ने बताए।

काम गर्ने हुटहुटी हुँदाहुँदै कांग्रेसको असहयोगका कारण गठबन्धन टुटेको दाबी गर्दै उनले सरकारसामु जनमुखी बजेट र कार्यक्रम ल्याएर जनताले अनुभूति गर्ने गरी काम गर्नुपर्ने चुनौती रहेको बताए। 'कांग्रेसबाट सरकार सञ्चालनमा सहयोग भएन। अर्थमन्त्रीले साथ दिनुभएन। परराष्ट्रमन्त्रीले पनि नेपालको हित हुने गरी परराष्ट्र नीति सञ्चालनमा साथ दिनुभएन। सरकारलाई नयाँ गतिका साथ अगाडि बढाउन कोसिस गर्दा शेरबहादुर देउवाले मन्त्रिमण्डल पुनर्गठनको कुरै सुन्न चाहनुभएन,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै स्थायी समिति सदस्य गणेश शाहले नयाँ पत्रिकासँग भने, 'यो परिस्थितिमा एमालेसँग मिलेर जानुपर्ने स्थिति बन्यो, नेपालका कम्युनिस्टहरू मिलेर नयाँ ढंगले अगाडि नबढ्ने हो भने भारतमा पश्चिम बंगालजस्तै कम्युनिस्ट आन्दोलन कमजोर हुन सक्छ भन्ने रिअलाइजेसन भयो र यो नयाँ समीकरण बन्यो।'

प्रधानमन्त्री प्रचण्डले अहिलेको परिवर्तित राजनीतिक परिस्थिति गठबन्धन नभएर नयाँ समीकरणसहित एमालेसँग सहकार्य भएको पनि प्रस्ट्याएका थिए। लामै समयसम्म अगाडि बढ्ने गरी विचारले नजिक एमालेसँग सहकार्य भएको भन्दै उनले त्यसअनुसार बोली र व्यवहारमा परिवर्तन ल्याउन जरुरी भएको आवश्यकता पनि औंल्याएका थिए।

प्रचण्डले सरकारले तत्काल न्यूनतम साझा कार्यक्रम ल्याउने र जनमुखी बजेट ल्याउने गरी तयारी गरिरहेको बताए। सरकारलाई सहयोग हुने गरी वातावरण बनाउन पनि उनले नेताहरूलाई निर्देशन दिएका थिए। कांग्रेसले राष्ट्रिय सभा निर्वाचनमा धोका दिएको र हिन्दु धर्मको मुद्दा उचाल्न खोजेकाले पनि कम्युनिस्टहरू एक ठाउँमा उभिने परिस्थिति निम्तिएको प्रधानमन्त्रीले बैठकमा विश्लेषण सुनाएका थिए। बैठकले पार्टीको विधान सम्मेलनले सुझावसहित पारित गरेको विधान मस्यौदालाई अन्तिम रूप दिएको छ।

नयाँ गठबन्धनप्रति विश्वास र शंका दुवै छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले नयाँ गठबन्धनप्रति विश्वास र शंका दुवै रहेको बताएका छन्। उनले नयाँ समीकरण र सरकार आफ्नो दलसहित पाँच दलको सहमति भइसकेकाले शंकाको लाभ दिने पक्षमा पार्टी उभिने बताए।

'हामीले ब्लाइन्ड सपोर्ट गर्ने पनि होइन, ब्लाइन्ड विरोध गर्ने पनि होइन, बेनिफिट अफ डाउट दिएर अघि बढ्नुपर्छ,' पार्टीनिकट महिलाहरूको भेला तथा प्रशिक्षणलाई शुक्रबार सम्बोधन गर्दै नेपालले भने, 'नयाँ समीकरण स्वीकार्य छ। तर, जालझेल र षड्यन्त्र भने स्वीकार्य हुँदैन।'

नयाँ सत्तासमीकरणसँगै समय फेरिएकाले बोली र व्यवहारमा रूपान्तरण ल्याउन उनले कार्यकर्ताहरूको ध्यानाकर्षण गराए। नेपालले नयाँ सत्तासमीकरणमा नेकपा एसको पनि स्थान र भूमिकाबारे छलफल चल्दै जाने प्रस्ट्याए। 'सबै ठाउँमा कसरी अगाडि बढ्ने छलफल चल्छ। सरकार चलाउने न्यूनतम कार्यक्रम मस्यौदा गरिरहेका छौं। विभिन्न प्रदेशमा मुख्यमन्त्री, मन्त्री परिवर्तन गर्ने छलफल चल्दै जानेछ,' नेपालले भने, 'त्यसैगरी विभिन्न राजनीतिक नियुक्तिका कुरा हुनेछ। नियुक्ति, संवैधानिक नियुक्तिमा हाम्रो भूमिकाबारे पनि छलफल हुनेछ। अरू सन्दर्भमा पनि बिस्तारै छलफल हुनेछ।'

अध्यक्ष केपी ओलीसँगको पछिल्लो संवाद र छलफललाई इंगित गर्दै नेपालले मिल्नुको मतलब दुई पार्टी मिल्ने अर्थमा नबुझ्न कार्यकर्तालाई आग्रह गरे। नेपालले एमालेमा जाने नेता-कार्यकर्ताको बिजोग भएको सुनाए। 'मिल्नुको मतलब दुई पार्टी मिल्ने होइन, जानेहरू (एमालेमा) अहिले बेहाल भइरहेका छन्। हामी सिंगै देशको कम्युनिस्टहरूलाई मिलाउने हो भने तयार छौं। सबै कम्युनिस्टहरूलाई गोलबन्द गर्ने हो भने तयार छौं। हामीलाई देश बनाउनुछ,' नेपालले भने, 'हामीलाई कुनै पद ओगटेर बस्नु छैन। प्रधानमन्त्री, पार्टी अध्यक्ष पनि चाहिएको होइन, देशको प्रगति र परिवर्तन चाहिएको हो।'



सुनसम्बन्धी...

पृष्ठ १ बाट क्रमशः

अधिकारीलाई विभागीय कारबाही थालिएको गृहमन्त्री लामिछानेले बताए। एआइजी बज्राचार्यसँगै एसपी सञ्जयसिंह थापा तथा डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाललाई हेडक्वार्टर तानिएको छ। उनीहरूले अनुसन्धानका क्रममा तस्करीमा जोडिएका 'हाई प्रोफाइल' व्यक्तिहरूलाई उन्मुक्ति दिएको आयोगको ठहर छ।

'आयोगको प्रतिवेदन कार्यान्वयनमा लैजाने मन्त्रिपरिषद्को निर्णयअनुसार २४ घण्टा नबित्दै कार्यान्वयनमा लगिएको छ। कुनै पनि आयोगको प्रतिवेदन पेस भएको २४ घण्टाभित्रै कार्यान्वयनमा गएको सम्भवतः यो पहिलो घटना हो,' उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले नयाँ पत्रिकासँग भने, 'प्रतिवेदनको सुझावअनुसार नै सिआइबीको प्रमुख, एक एसपी र दुई डिएसपीलाई जिम्मेवारीबाट हटाइएको छ।'

गृहमन्त्री लामिछानेका अनुसार माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा, विद्यार्थी नेता दीपेश पुन, पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका सल्लाहकार जीवन गुरुङ, व्यवसायी जीवन चलाउने, भीमकान्त भण्डारी, सुन तस्कर दाबा छिरिङका व्यावसायिक साझेदार मञ्जिल श्रेष्ठलागयतलाई मुद्दा चलाउन आयोगले सिफारिस गरेको छ।

पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा तथा विद्यार्थी नेता दीपेश शुक्रबार साँझ पक्राउ परेका छन्। सहकारी ठगी प्रकरणमासमेत मुछिएका उनलाई प्रहरीले साँझ धुम्बराहीबाट पक्राउ गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी भीम ढकालले बताए। रुपन्देहीमा उनीविरुद्ध सहकारी ठगीसम्बन्धि उजुरी परेकाले साँझ नै बुटवल लगिएको स्रोतले जनाएको छ।

'आयोगको प्रतिवेदनमा कृष्णबहादुर महरा, दीपेश पुन, जीवन चलाउनेलगायतविरुद्ध पनि मुद्दा चलाउन सिफारिस गरिएको छ। सोही क्रममा दीपेश आजै पक्राउ परेका छन्। सुरुवात भयो, यो सिलसिला जारी रहन्छ,' गृहमन्त्री लामिछानेले भने। अध्यागमन विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारीका गतिविधि राज्यको रेकर्डमा रहने गरी राख्न आयोगले सिफारिस गरेको छ।

अभियुक्तहरू भाग्न सक्ने भएकाले आयोगको प्रतिवेदन तत्काल सार्वजनिक नगरिएको मन्त्री लामिछानेले बताए। 'घटनामा जोडिएका कतिपय अभियुक्त पक्राउ गर्नु छ। प्रतिवेदन सार्वजनिक हुँदा उनीहरू भाग्न सक्ने डर भयो। सुरक्षा संवेदनशीलताकै कारण प्रतिवेदन सार्वजनिक नगरिएको हो। यसको अर्थ प्रतिवेदन सार्वजनिक नै नगरिने भन्ने होइन। ढिलोचाँडो सार्वजनिक हुने नै छ,' उनले भने।

विमानस्थलबाट तस्करी भई आएको ६०.७१६ किलो र भेपमा लुकाई ल्याएको साढे नौ किलो सुन तस्करी घटनाको अनुसन्धान सिआइबीले गरेको थियो। त्यस क्रममा सिआइबीले माओवादी उपाध्यक्ष महरा, विद्यार्थी नेता पुन, व्यवसायी चलाउने, पूर्वउपराष्ट्रपतिका सल्लाहकार जीवन गुरुङलगायत हाई प्रोफाइललाई उन्मुक्ति दिएको थियो।

अनुसन्धानका क्रममा सिआइबीले महरा, पुन, चलाउने र गुरुङसँग कार्यालयमा नै बोलाएर बयान लिएको थियो। चलाउनेको बयान अनुसन्धान प्रतिवेदनमा समेत समावेश गरेको थिएन। जब कि उनलाई सिआइबीले कार्यालयमा नै बेलाएर सात घण्टा बयान लिएको थियो।

विमानस्थलबाट तस्करी भएको सुनको अनुसन्धानमा तत्कालीन प्रतिपक्षी दल एमालेले शंका गरेपछि सरकारले निष्पक्ष छानबिन गर्न १४ असोजमा आयोग गठन गर्ने निर्णय गरेको थियो। आयोगले विमानस्थलबाट तस्करी भई आएको ६०.७१६ किलो र इलेक्ट्रिक चुरोट (भेप)मा लुकाई तस्करी गरिएको साढे नौ किलो सुनको सम्बन्धमा विस्तृत छानबिन गरेको थियो।

गत १० पुसमा फ्लाई दुबईको जहाज हुँदै अन्तर्राष्ट्रिय विमानस्थल झरेका चिनियाँ नागरिक ली हानसोङ इ-सिगरेट (विद्युतीय चुरोट)सहित पक्राउ परे। अनुसन्धानपछि भेपभित्र नौ किलो सुन रहेको खुलेका थियो। सो घटनामा मुछिएपछि माओवादी नेता महराका छोरा राहुललाई सिआइबीले पक्राउ गरेको थियो। त्यस्तै, गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमास्थलस्थित भन्सारको जाँचपास पार गरेर बाहिरिएको ६०.७१६ किलो सुन राजस्व अनुसन्धान विभागले पक्राउ गरेको थियो। उक्त सुन मोटरसाइक र स्कुटरको 'ब्रेक सु'मा लुकाएर हडकङबाट नेपाल ल्याइएको थियो। जसको अनुसन्धान पछि सिआइबीले गरेको थियो। २९ जनालाई प्रतिवादी बनाइएको उक्त मुद्दा अहिले जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ।

विशेष अदालतमा...

पृष्ठ १ बाट क्रमशः

तर, ती फैसला लेखनमा स्वाभाविक रूपमा केही ढिला हुन्छ, भएको पनि छ,' विशेषका एक अधिकृत भन्छन्।

विशेषका अध्यक्ष कुँवरका अनुसार दैनिक एकदेखि दुईवटा फैसला तयार भइरहेका छन्। दैनिक फैसलाको दर भने औसतमा चारदेखि पाँचवटासम्म छ। 'हामी मुद्दासँग सम्बन्धित कागजात र फैसला घरमै लगेर, बिदाको दिन पनि लेखिरहेकै छौं,' न्यायाधीश कुँवर भन्छन्, 'अबदेखि हामी नयाँ अभ्यास थाल्दै छौं। शुक्रबार इजलास लाग्दैन, न्यायाधीश र सम्बन्धित कर्मचारीहरूसमेत मिलेर फैसला लेखनका काम मात्र गर्छौं।'

विशेष अदालत ऐनको दफा १६ ले मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दा किनारा गर्नुपर्ने व्यवस्था गरेको छ। यही व्यवस्था कार्यान्वयनका लागि आफूहरूले हाल मुद्दा फर्स्योट र त्यसमा पनि पुराना मुद्दामा प्राथमिकतासाथ फैसला गरिरहेको अध्यक्ष कुँवरको भनाइ छ।

तर, धमाधम फैसला भइहँदा फैसलाको पूर्णपाठ तयार गर्न भने समय लागिरहेको र यसलाई पनि समाधान गर्ने गरी आफूसहित न्यायाधीशको टिम र प्रशासनले योजना बनाइरहेको उनले बताए। पुराना मुद्दा घटेपछि साताको दुई दिन बिहीबार र शुक्रबार फैसला लेखनलाई समय दिने योजनामा आफूहरू रहेको विशेषले जनाएको छ।

विशेषका अध्यक्षमा टेकनारायण कुँवर छन् भने सदस्यहरूमा खुसीप्रसाद थारू, तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापा छन्। यसअघिका न्यायाधीशहरूको सरुवा गर्दै न्यायपरिषद्ले ५ मंसिरमा उनीहरूलाई विशेषमा पठाएको थियो। १८ मंसिरदेखि उनीहरूले मुद्दा हेर्न थालेका हुन्।

पाँच वर्षको सबैभन्दा बढी मुद्दा फर्स्योट

पछिल्लो पाँच वर्षको तथ्यांक हेर्दा विशेषले यस वर्ष सबैभन्दा बढी मुद्दा फर्स्योट गरेको छ। लक्ष्यभन्दा बढी मुद्दामा फैसला भएका छन्।

आर्थिक वर्ष ०७५/७६ मा विशेषमा ६ सय २३ मुद्दा रहेकामा दुई सय ३० मात्र फर्स्योट भएका थिए। उक्त वर्ष विशेषले दुई सय ७० मुद्दा किनारा लगाउने लक्ष्य लिएकोमा ८५ प्रतिशतमा फैसला भएको थियो।

त्यसपछिको वर्ष आठ सय ४३ मध्ये एक सय ७८ मात्र फैसला भएको तथ्यांक छ। त्यसपछिका वर्षमा क्रमशः सात सय ९२ मध्ये एक सय ३५, सात सय ९२ मध्ये तीन सय ३९ र ६ सय २९ मध्ये दुई सय ७० मुद्दा विशेषबाट किनारा लागेका थिए।

चालू आर्थिक वर्षको सुरुमा विशेषमा चार सय ८६ मुद्दा थिए। यस वर्ष दुई सय ५३ वटा मुद्दामा फैसला गर्ने लक्ष्य विशेषले लिएकोमा एक सय २९ प्रतिशत मुद्दामा फर्स्योट भएका छन्। विशेषका अनुसार कुल तीन सय २८ मुद्दा फैसला भएपछि अब एक सय ५८ मुद्दा बाँकी छन्।

यसै दरमा फर्स्योट भए आफूहरूले यस आर्थिक वर्षको अन्तिमसम्ममा दुई वर्षअघिका मुद्दा शून्यमा झार्ने विशेषले जनाएको छ। फागुन मसान्तसम्म एक सय ५९ मुद्दा बाँकी रहेकामा दुई वर्ष नाघेका आठवटा मुद्दा छन्। यसैगरी, १८ महिना नाघेका ११, एक वर्ष नाघेका १३ वटा र ६ महिना नाघेका ५२ थान मुद्दा छन्। ६ महिनाभित्रका भने ७५ वटा मुद्दा फर्स्योट हुन बाँकी रहेको विशेषले जनाएको छ।

गाउँमै नुन...

पृष्ठ १ बाट क्रमशः

मात्र होइन, नुनकै लागि पनि सास्ती खेप्दै आएका छन्। यसैमा केही राहत होला कि भनेर गाउँपालिकाले अस्थायी डिपो राखेर नुन वितरण गरेको पालिका अध्यक्ष खेमबहादुर सिंहले बताए।

'आयोडिनयुक्त नुन गाउँमा नै उपलब्ध गराउन र नुन लिन सदरमुकामसम्म धाउनुपर्ने स्थानीयलाई राहत दिन पालिकाको पायक पर्ने ठाउँबाट वितरण गरेका हौं,' उनले भने, 'तर, अहिले यो व्यवस्था अस्थायी मात्र हो।' उपाध्यक्ष दानसिंह सेजुवाललले साल्ट ट्रेडिङ कर्पोरेसनको कालिकोट शाखा कार्यालयसँगको समन्वयमा गाउँपालिकाले गाउँमा अस्थायी डिपो स्थापना गरेर सेवा दिएको बताए।

केही दिनअघि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय बैठकले प्रत्येक पालिकामा एक सय ७५ क्विन्टल नुन दिने र पालिकाले नै वितरण गर्ने निर्णय भएको थियो। सोहीअनुसार महावै गाउँपालिकाले नुन लगेर वितरण सुरु गरेको साल्ट ट्रेडिङ कर्पोरेसनका कालिकोट प्रमुख डम्मरबहादुर बुढाले जानकारी दिए।

'पालिका प्रमुखहरूसँगको बैठकमा नुन लिन चाहने पालिकाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने र आफ्नो पालिकाका नागरिकलाई गाउँमै नुन वितरण गर्ने समन्वय गर्ने निर्णय भएको थियो,' प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले नयाँ पत्रिकासँग भने। उनका अनुसार हालसम्म नरहरिनाथ, महावै, शुभकालिका, सान्नीत्रिवेणी गाउँपालिकाले निवेदन दिएका छन् भने पलाँता गाउँपालिकाले पनि पालिकामै नुन वितरणको लागि प्रक्रिया अघि बढाएको छ।

कालिकोटका सबै पालिकामा नुनको डिपो स्थापनाका लागि निर्णय गरेर मन्त्रालयसम्म पठाएको प्रजिअ नेपालीले जानकारी दिए। 'पालिकामा नुनको डिपो स्थापनाका लागि यहाँका राजनीतिक नेतृत्वले पनि पहल गनुर्पर्नेछ। सबैको पहल सार्थक हुन सके नुन लिन विकट गाउँबाट मान्म धाउनुपर्ने नागरिकको समस्या सर्धैका लागि समाधान हुने थियो,' उनले भने।

वोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०३

यस बैंकको धनगढी शाखा तथा सुन्धारा स्थित भवन निर्माण गर्न स्वीकृत डिजाईन तथा लागत स्टिमेट (BOQ) बमोजिमको आन्तरिक सजावट सम्बन्धि सिभिल वर्क्स, फर्निचर तथा फर्निसिङ्ग र इलेक्ट्रिक तथा इलेक्ट्रोनिक लगायतका कार्यहरु गर्न अनुभवी एवं इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र तपशिलको ठेगानामा आइपुग्ने गरी शिलबन्दी वोलपत्र आह्वान गरिएको छ।

बोलपत्र सम्बन्धि थप जानकारी :

१. प्रति फारम शुल्क रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) (फिर्ता नहुने गरी) यस बैंकको मुख्य शाखामा जम्मा गरी बैंकको केन्द्रीय कार्यालयबाट खरिद गर्न सकिनेछ।
२. बोलपत्रदाताले उल्लेखित कार्य के कति दर रेटमा गर्न सक्ने हो बैंकले तोकेको नक्सा डिजाइन अनुसारको कामको परिमाणको विवरण (BOQ) मा खुलाई तोकिएको धरौटी वापतको रकम यस बैंकमा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिनको म्याद भएको "क" वर्गका बैंकबाट जारी भएको बिडबण्ड ग्यारेन्टीपत्र बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
३. बोलपत्रदाता निर्माण व्यवसायीहरुले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाणपत्र लगायत कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै कालोसूचीमा नपरेको स्वघोषणा पत्र समेत संलग्न गर्नु पर्नेछ।
४. कम्तीमा ३ वटा बैक तथा वित्तीय संस्था वा सहकारी संस्थाको कार्यालय निर्माण गरेको अनुभवपत्र पेश गर्नुपर्ने छ।
५. बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको फारम नै बैंकमा पेश गर्नुपर्नेछ। बोलपत्र फारमको प्रत्येक पानाको अन्तमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनुपर्नेछ।
६. उपरोक्त कार्यको प्रयोग हुने इलेक्ट्रिकल सामानहरुको ब्राण्ड तथा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीहरु तोकिएको ब्रान्ड एवं गुणस्तरको हुनुपर्नेछ र बैंकको प्राविधिकको स्वीकृतीमा मात्र प्रयोग गर्नुपर्नेछ।
७. बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति २०८०/१२/०९ गते शुक्रवार कार्यालय समय सम्म हुनेछ र यदि फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।
८. छुट्टाछुट्टै कार्यालयको लागि छुट्टाछुट्टै कामको परिमाणको विवरण (BOQ) भर्नु पर्नेछ।
९. बोलपत्र फारम दाखिला गर्ने स्थान : केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
१०. थप विवरण

सम्झौता भएको मितिबाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नुपर्ने समय	बोलपत्र धरौटी बापतको रकम	बोलपत्र खोल्ने स्थान, मिति र समय
सम्झौता बमोजिम	कबोल गरेको रकमको कम्तिमा ५ %	केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर मिति २०८०/१२/१२ गते विहान ११:०० बजे

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ३ चैत ०८०
nayapatrikaofficial @naya_patrika

....अनि हिमाल रक्तामे देखेँ

हिमाल चढ्दा म पटक-पटक मरेर बाँचेको मान्छे। वेलावेला सोचिरहन्छु- मेरा अगाडि र पछाडिका शेर्पाहरू किन बचेनन् ? म मात्रै किन बाँचेँ होला ?



मृत्यु-मन्थन

● दाबाटासी शेर्पा, हिमाल आरोही

● पवन बराइली

सन् २०१४ अप्रिल १८ तारिख। बिहानैदेखि ५० जनाभन्दा बढी शेर्पा सगरमाथा आधार शिविरदेखि क्याम्प वान (पहिलो शिविर)तिर उकालो लागे। सबैले टेन्ट, रासन, अक्सिजनजस्ता सामग्रीको भारी बोकेका थिए। सबैलाई 'क्याम्प वान'मा भारी पुऱ्याएर फर्किने हतारो थियो। सोलुखुम्बु माप्य दुधकोशी-७ का दाबाटासी शेर्पा पनि त्यही समूहमा थिए। उनी त्यसवेला आफ्नो टेन्ट पार्टन (अर्का शेर्पा) सँग राति १ बजे क्याम्प वान जाँदै थिए।

अघिल्लो दिन सगरमाथा क्षेत्रको मौसम खुलेको थियो। हिमालका हिउँ टलक्क टल्किएका थिए। त्यस दिन सगरमाथा आधार शिविर आरोहीहरूको चहलपहलले गुल्जार थियो। बाटोमा सगरमाथा आरोण गरेर फर्किएकाहरू थुप्रै भेटिन्थे। कतिपय सगरमाथाको शिखर पुग्ने उत्साहले लम्किरहेका हुन्थे। सबैलाई गन्तव्य पुग्ने हतारो थियो। 'खुम्बु आइसफल'को उकालो लाग्दै गर्दा क्याम्प वानमुनितिर फर्किएर आउनेहरूले एउटा भऱ्याङ भाँचिएको खबर सुनाए।

भऱ्याङ भाँचिएको खबर सुनेपछि दाबाले फर्किने सोच बनाए। तर, अरू साथीहरूले फर्किन मानेनन्। आफूहरूलाई लिएर गएको आरोही रिसाउने डरले क्याम्प वानमा भारी पुऱ्याएर छिटै फर्किने सल्लाह गरेँ। उक्लिँदै गर्दा भाँचिएको भऱ्याङ बनिसकेको खबर पाएँ। झन् रोकिने कुरै भएन। उनीहरू एउटा भऱ्याङबाट उक्लिएर हिउँको सानो टापुमा पुगे। सबैजना लामबद्ध भएर नै उकालो लाग्दै थिए। बिहानको ६:३० बजेको हुनुपर्छ। शेर्पाहरू खुम्बु आइसफल बाटोमा लामबद्ध थिए।

तर, एक्कासि ठूलो आवाज आयो। आकाशमा बादल मडारिन थाल्यो। बादलले सगरमाथा क्षेत्र पूरै ढाक्यो। एकैछिनमा अन्धकार छायो। 'हामी १६ जना थियौँ। मेरो अगाडि दुईजना हिँडेका थिए। अरू सबै मभन्दा पछाडि थिए। अगाडिका साथीहरूले सेफ्टी बेल्ट चेन्ज गरेर जाऊँ भन्दै थिए। एक्कासि ठूलो आवाज आयो। त्यहाँ एक-अर्कासँग बोल्ने समय भएन। कसरी आफ्नो ज्यान जोगाउने भन्ने सबैको ध्यान थियो। स्पाइनल इन्जोरी भयो भने प्यारालाइसिस हुन्छ भन्ने याद आयो। त्यसैले म 'साइवोज'मा आड लागेर बसेँ। अरू साथीहरू कसरी बसे मलाई याद छैन। हिउँको थुप्रै हामीमाथि आएर बजारियो,' दाबा दुर्घटनाको क्षण सम्झिन्छन्।

दाबाका आँखा निदाइसकेका थिए। शरीरमा हिउँका डल्ला कति बजारिए, उनलाई याद छैन। सगरमाथाको छातीमा सबैको होसहवास उड्यो। एकैछिनमा हिमालले आफ्नो रङ फेऱ्यो। बादलजस्ता हिउँका थुप्रो खसेका थिए। उनलाई सपनाजस्तो लाग्यो। 'एक्कासि मध्यरातमा ब्युँझिएजसरी झल्याँस्स आँखा खुल्यो। दृश्यहरू प्रस्टसँग ठम्याउन सकिनँ,' उनी आफ्नो कहालीलाग्दो दिन सम्झिन्छन्, 'आँखा खुलेपछि सेतौ हिउँ रक्तामे्मे पो देखेँ। रगतको तालजस्तो देखेँ। मगजले अरू सोच्नै सकेन। रातो हिउँको थुप्रोले आफ्नो शरीर थिचेको महसुस गरेँ। सेतो हिउँ पूरै रातो देखेँ। एकछिनअघिको ठूलो आवाज कता हरायो थाहा भएन। मसानघाटजस्तो सन्नाटा छायो। कसैको आवाज सुनिएन। हिउँ रातो मात्रै देखिरहेँ। यताउता आँखा डुलाएँ। तर, कोही पनि देखिनँ।'

> एक्कासि मध्यरातमा ब्युँझिएजसरी झल्याँस्स आँखा खुल्यो। दृश्यहरू प्रस्टसँग ठम्याउन सकिनँ। आँखा खुलेपछि सेतो हिउँ रक्तामे्मे पो देखेँ। अगाडि रगतको तालजस्तो देखेँ। मगजले अरू सोच्नै सकेन। रातो हिउँको थुप्रोले आफ्नो शरीर थिचेको महसुस गरेँ।

दाबाटासीले सेफ्टी डोरीले ज्यान कसिलो गरी बाँधेका थिए। उनका आँखाले शक्ति गुमाइसकेको थियो। आइसमा पुरिएको शरीर लठ्ठिएको थियो। उनी सम्झन्छन्, 'मेरा दुवै हात हिउँको थुप्रोले पुरिएको रहेछ। दुवै हात निस्किए भने बाँच्छु भन्ने भयो। यहाँबाट निस्किएँ भने अरूलाई पनि निकाल्छु भन्ने सोच आयो। तर, मेरो दुवै हात आइसमा अड्कियो। बल्लतल्ल दाहिने हात निकालेँ। तर, पन्जाभित्रै अड्कियो। हात बाहिर राख्यो भने हिउँले खान्छ भनेर अर्को काखीमुनि लुकाएर राखेँ। चाँडै उद्धार गर्न आए भने बाँच्छु भन्ने झिनो आशा थियो। मान्छेलाई थाहा दिन कराउँदै बसेँ। सानो स्वरमा गुहार मागिरहेँ। मैले गुहार मागेको कतिले सुने थाहा छैन।'

दाबालाई पहिरोबाट उद्धार गरेर आधार शिविरमा पुऱ्याइयो। उनलाई तत्काल उपचारका लागि काठमाडौंस्थित ग्रान्डी अस्पताल पुऱ्याइयो। उनका तीनवटा देब्रे करङ, एउटा दाहिने करङ, देब्रे कुम र नाकको हड्डी भाँचिएको रहेछ। दाहिने हातको पन्जाको हड्डी पनि फुटेछ। 'नाकमा ठोक्किएर चोट लागेछ। अनुहारको हिउँ पन्छाएँ। ज्यान चटपटाउन सकेन। तर, म उठ्न सकेँ भने अरूलाई बचाउन सक्छु भन्ने लागिरह्यो। चोट कति लाग्यो, थाहा भएन। हातको नङ सबै गएछ,' उनी भन्छन्, 'मेरो दिन बलियो रहेछ। भाग्यले हात काट्नुपरेन।'

अनि फेरि हिमाल फर्किए...

दाबा मृत्युलाई जितेर नयाँ चोला लिएर फेरि हिमाल फर्किए। दुर्घटना भएको झन्डै ११ वर्ष भयो। तर, त्यो दिन सम्झिनेबित्तिकै उनको मथिंगल अझै घुम्छ। शरीरको दाग मेटिसके पनि मनमा भने गहिरो दाग बसेको छ। त्यो कहालीलाग्दो दिन जति पुरानो भयो, उति नै ताजा हुन्छ, दाबाको दिमागमा। त्यसवेला साथीहरू गुमाउँदाको क्षण असहय हुन्छ उनलाई। दाबा सुस्तरी सुनाउँछन्, 'त्यो घटनाबाट बेपत्ता भएका तीनजना शेर्पा साथीको शव अहिलेसम्म फेला परेको छैन। १३ जनाको शवचाहिँ दुई दिनपछि भेटियो।'

१३ दिनपछि अस्पतालको उपचारपछि डिस्चार्ज भए दाबा। त्यसपछि तीन महिना घरमै 'बेड रेस्ट' गरे। त्यसवेला दाबाकी श्रीमती सात महिनाकी गर्भवती थिइन्। 'मलाई केही भइहालेको भए के हुन्थ्यो होला सोच्न पनि सक्दिनँ। मलाई त्यसवेला कसैले पनि बाँच्छ भनेर सोचेको थिएन। म मात्रै यस्तो भाग्यमानी हुँ, जो हिमपहिरोमा पुरिएर पनि नाफाको जीवन पाएँ,' दाबा भन्छन्।

दुर्घटनापछि दाबा तीन महिना उपचारमै बसे। ६ महिना घरमै बसे। त्यसबीचमा उनले निकै सोचे। ट्रेकिङ अफिस स्थापना गर्ने सोच बनाए। त्यस्तो अफिस खोल्दा पर्यटकको मात्रै मुख ताक्नुपर्ने अवस्था भयो। बेड रेस्टपछि सामान्य हिँड्डुल गर्न सक्ने भए, दाबा।

तर, घाइते ज्यान फेरि हिमाल फर्किन सम्भव थिएन। परिवारले पनि हिमालको नाम लिन चाहँदैनन् थिए। बरु अरू व्यवसाय गर्न सुझाब दिन्थे। बिहान-बेलुकी छाक टार्न उनले कपडाको ब्रान्ड स्थापना गरे। उनले सन् २०१५ 'दाबा गियर' कपडाको ब्रान्ड दर्ता गरे। तर, लगानी जुटाउन नसकेपछि काम गर्न सकेनन्। हिमालमा काम गर्न नसक्ने भएपछि गुजारा टार्ने सोचले ब्रान्ड स्थापना गरेको उनी सुनाउँछन्। तर, कपडा पसलले गति लिन नसकेपछि बन्द गरेर हिमालतिर फर्किने सोच बनाए।

एक वर्षपछि फेरि ट्रेकिङ पेसामै फर्किए दाबा। 'कपडा पसलले राम्रो गति लिन सकेन। गुजारा चलाउन गाह्रो हुन थाल्यो। ११ वर्षदेखि ट्रेकिङको अनुभव र सीप खेर फाल्न मन लागेन। अर्को काम गर्न शून्यबाट सुरु गर्नुपर्छ। फेरि सकी-नसकी त्यही ट्रेकिङमै फर्किएँ। जीवनको सबैभन्दा कष्टकर समय थियो मेरा लागि। म राम्रोसँग तंग्रिसकेको थिइनँ,' दाबाले विगत सुनाए।

> मलाई दैवले कुन जुनीको हिसाब खोजेका होलान् जस्तो लाग्थ्यो। जीवनमा पटक-पटक चोट पाइरहेको छु। तर, साहस र हिम्मत भने कहिल्यै हार्दिनँ। जीवनमा घट्ने घटनालाई एउटा भोगाइका रूपमा लिइरहेको छु ।

दाबालाई हिमपहिरो दुर्घटनामा परेर पनि हिमालमै काम गरेको देख्दा धेरैलाई अचम्म लाग्छ। कतिपयले फेरि हिमालमै काम गर्दा प्रश्न पनि गर्छन्। उनी हिमालमा काम गर्नु आफ्नो कर्म भन्न रुचाउँछन्। दाबा भन्छन्, 'मभन्दा अग्रजहरू धेरैले हिमालमा काम गर्नुभयो होला। काम गर्ने दौरानमा उहाँहरूले पनि कतिपटक मृत्युलाई जितेर फर्किनुभयो होला। तर, उहाँहरूले पनि आफ्नो कर्मलाई छोड्नु भएन। मैले पनि जीवनको महत्त्वपूर्ण समय र उमेर हिमालमै खर्चिएँ। मेरो समय, पैसा र ऊर्जा हिमालमा खर्च भएको छ। त्यसैले हिमाल मबाट टाढा हुनै सक्दैन।'

हिमालमा काम गर्ने दौरान दाबा पटक-पटक मृत्युको मुखमा पुगेर फर्केका छन्। उनलाई २०२१ मा सगरमाथा आधार शिविर पुग्दा कोरोना संक्रमण भयो। त्यसपछि उनी घर फर्किए। भन्छन् 'मलाई दैवले कुन जुनीको हिसाब खोजेको होला जस्तो लाग्थ्यो। जीवनमा पटक-पटक चोट पाइरहेको छु। तर, शाहस र हिम्मत भने कहिल्यै हार्दिनँ। जीवनमा घट्ने घटनालाई एउटा भोगाइका रूपमा लिन्छु।'

सन् २०१७ सम्म आइपुग्दा दाबाको कपडासम्बन्धी काम राम्रो भएन। कपडा पसललाई बन्द गरेर पूर्ण रूपमा हिमालमा काम गर्ने सोच बनाए। तर, दर्ता गरेपछि बन्द गर्न गाह्रो हुने भएपछि कपडाको कम्पनी नै सुरु गर्ने निधो गरे। 'दर्ता गरेपछि बन्द गर्न गाह्रो रहेछ। ५० पिस टिसर्ट प्रिन्ट गरेर व्यवसाय सुरु गरेँ। ट्रेकिङ जाँदा विदेशीलाई टिसर्ट बेच्न थालेँ। त्यसले पनि गुजारा टर्न थाल्यो। अहिले कपडा पसलले गति लिएको छ। म पनि हिमाल फर्किन सफल भएँ,' उनले भने।

दाबा पछिल्लो समय सामाजिक सेवामा पनि सक्रिय छन्। उनको आफ्नो कपडाको ब्रान्ड 'दाबा गेयर'ले अनाथ-असहाय मानिसलाई कपडा वितरण गर्छ। प्रत्येक वर्ष काठमाडौंलगायत विभिन्न गाउँमा गरिब र असहायलाई कपडा वितरण गर्दै आइरहेका छन्। यो वर्ष मात्रै उनले काठमाडौंका सयभन्दा बढी असहाय मानिसहरूलाई कपडा वितरण गरे। उनी भन्छन्, 'म पटक-पटक मरेर बाँचेको मान्छे हुँ। भगवान्ले मलाई तिमीले समाजमा केही गर्नुपर्छ भनेर पठाएका होलान्। मरेर बाँचेको जिन्दगी मेरा लागि अमूल्य छ। साधारण जिन्दगी सबैले जिउँछन्। मेरो अगाडि र पछाडिका मान्छेहरू किन बचेनन् ? म मात्रै किन बाँचेँ होला ? मलाई तिमीले केही गर्नुपर्छ भनेर भगवान्ले बचाएका होलान्। त्यसैले समाजमा केही गर्नुपर्छ भन्ने लागेर सामाजिक सेवामा सक्रिय हुन मन लाग्यो।'

हिमाल नै दुःखसुख

दाबाले ११ वर्षको उमेरदेखि हिमालको भारी बोक्न सुरु गरे। गाउँमा विदेशी पर्यटक आउँथे। गाउँका मान्छे पनि पर्यटकसँग हिँडेको देख्थे। उनलाई पनि लाग्यो, हिमालमा भारी बोक्यो भने पैसा आउने रहेछ। अनि स्कुलभन्दा उनलाई हिमाल प्यारो लाग्यो।

'तीन-चार घन्टाको बाटो हिँडेर स्कुल जानुपर्थ्यो। अर्को गाउँमा गएर पढ्नु सहज थिएन। बरु हिमालमा भारी बोक्न गयो भने पैसा आउँछ भन्ने लाग्यो। बुबा-आमालाई पनि सहयोग हुन्छ। सबैभन्दा ठूलो भनेको पैसा नै रहेछ भन्ने लाग्यो। त्यसैले हिमालतिरै काम गर्छु भन्ने सोच आयो,' उनले भने।

त्यसवेला हिमालमा भारी बोक्ने काम सजिलै पाइँदैनथ्यो। त्यसमाथि गतिलो पारिश्रमिक नपाइने। दाबाले भारी बोक्ने कामकै लागि थुप्रै हन्डर-ठक्कर पाए। उनले एकपटक आधार शिविरमा भारी पुऱ्याएको दुई सय रुपैयाँ पाए। त्यो पैसा घरमा आमाबुबालाई दिए।

'किचेन स्टाफ भएर काम गर्दा १३० रुपैयाँ पाइन्थ्यो। हिमालमा कामदारको पारिश्रमिक बढेको धेरै भएको छैन। यो सबै मैले भोगेको कुरा हो। पछिपछि भरियाको तीन सय रुपैयाँ पुग्यो,' दाबा भन्छन्, 'मैले लोकल शेर्पाका (आधार शिविरसम्म जाने शेर्पा) रूपमा पनि काम गरेँ। त्यसपछि क्ल्यामिङ शेर्पाको रूपमा काम गर्न थालेँ। अरूले पैसा कमाएको देखेपछि मलाई पनि लोभ लाग्न थाल्यो। बिस्तारै हिमालसम्बन्धी तालिम लिन थालेँ।'

सन् २०१३ मा दाबाले पहिलोपटक सगरमाथा आरोहण गरे। त्यसपछि उनी सगरमाथा धेरैपटक गएका छन्। तर, उनी आफूलाई एकपटक मात्रै सगरमाथा सफल आरोहण गरेको भन्न रुचाउँछन्। 'म धेरै पटक गएँ। तर, म क्लाइन्टको सुरक्षित आरोहण र अवतरणका लागि मात्रै गएको हुँ। टुप्पोमा रेकर्ड राख्न गएको होइन। आठ-नौपटक गए पनि एकपटक आरोहण गरेको सर्टिफिकेट छ,' उनले भने।

दाबाले पहिलोपटक हिमाल आरोहण गर्दा प्रमाणपत्र ढिला पाए। समयमा प्रमाणपत्र नपाउँदा २०१३ मा इन्टरनेसनल गाइडको क्यान्डिडेटका रूपमा निवेदन दिन पाएनन्। २०१४ मा खुम्बु आइसफल दुर्घटना परे। शारीरिक रूपमा कमजोर भएकोले तत्काल आवेदन दिन नसकेको उनी सुनाउँछन्।

साहित्यकार रवि प्राञ्जललाई मनपर्ने ६ पुस्तक


मन परेका पुस्तक

साहित्यका धेरै विधामा कलम चलाएका रवि प्राञ्जल अध्ययनमा पनि कुनै एक जनरामा सीमित छैनन् । उनी आख्यान, गैरआख्यान, संस्मरण, दर्शनलगायत विविध क्षेत्रका पुस्तक पढ्न मन पराउँछन् । 'रुचि पनि समयअनुसार परिवर्तन हुने रहेछ । मलाई आख्यान बढी मनपर्थ्यो । युवाकालमा थ्रिलर, जासुसी टाइपका आख्यान पढ्थेँ । बिस्तारै साहित्यिक आख्यान पढ्न थालियो । दर्शन पढ्न मन लाग्यो,' उनले भने, 'अहिले गैरआख्यानमा मेरो रुचि छ । नियात्रा र संस्मरणहरू पढ्न मज्जा लाग्छ ।' आफूलाई मन पर्ने पुस्तकबारे **अन्वेषण अधिकारी**सँग उनले गरेको कुराकानी :



● रवि प्राञ्जल

आमा : मजदुर वर्गबारे लेखिएको रुसी उपन्यास हो, आमा । रुसी क्रान्तिअघिको पृष्ठभूमिमा लेखिएको म्याक्सिम गोर्कीको यस उपन्यासले औद्योगिकीकरण, मजदुर वर्गका समस्या, आमा र धर्तीलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरेको छ । यसमा तत्कालीन राजनीतिक-सामाजिक परिवेश देखाइएको छ । वर्गसंघर्ष चलिरहेको ठाउँमा यावत् घटनाहरू हुन्छन् । कथा प्रस्तुति बेजोड र गज्जब भएकाले यसलाई विश्व साहित्यकै उत्कृष्ट उपन्यासमध्ये एक मानिन्छ । मैले यो उपन्यास सोभियत संघको पुस्तकालयमा पढेको हुँ । उपन्यास हिन्दी भाषामा पनि थियो । मूल भाषामै पढ्न पाएको भए अझै मज्जा आउँथ्यो भन्ने लाग्छ ।




चपाइएका अनुहार : दौलतविक्रम विष्टको यो उपन्यास मलाई निकै मन पर्छ । यसमा बीभत्स सामाजिक विसंगति, युद्धबाट पीडित भएको समाजको वातावरणलाई पनि गहिरो र कलात्मक रूपमा व्याख्या गरिएको छ । प्राविधिक कुरा उठाइएको छ । धेरैले यो पुस्तक एकपटकमा बुझ्न नसकेको बताउँछन् । मैले पनि तीनपटक पढेँ । अझै पढ्न मन छ ।




अविरल बग्दछ इन्द्रावती : राजनीतिक-सामाजिक मनोविज्ञानमा लेखिएका रमेश विकलका कथाहरू मलाई निकै मन पर्छ । समाजलाई मिहिन ढंगले बुझ्न सक्ने विकलको जस्तो खुबी कमै लेखकमा पाइन्छ । उहाँका रचनाहरूले जुन सन्तुष्टि दिन्थ्यो, त्यस्तो सन्तुष्टि अन्य आख्यानहरूमा कम पाएकाले पनि मैले गैरआख्यान पढ्न थालेँ भन्ने लाग्छ । उहाँले समाजमा भइरहेको पाखण्डीपनलाई (जे हुन्छ भन्छ, व्यवहारमा अर्कै हुन्छ) आफ्ना कथामा छर्लंगै देखाउनुहुन्छ । 'अविरल बग्दछ इन्द्रावती' यसैको एक ज्वलन्त उदाहरण हो । कुनै समय म विकलका सबै कथाहरू खोजी-खोजी पढ्थेँ ।




घुमक्कड स्वामी : हिन्दी साहित्यका प्रसिद्ध लेखक राहुल सांकृत्यायनले यो पुस्तकमा यात्राका माध्यमबाट एउटा साधारण व्यक्तिले विविध ज्ञान प्राप्त गरेर अन्त्यमा उच्च जीवन प्राप्त गर्न सफल भएको देखाएका छन् । जीवनधर्मको खोजी गर्दै हिँड्ने विशेष पात्रको जीवनी र यात्रा विवरणको रूपमा यो पुस्तक लेखिएको छ । यसको कथाशैली बेजोड छ ।



योगी कथामृत (अटोबायोग्राफी अफ अ योगी) : परम्हंश योगानन्दको विश्वका ४३ भाषामा प्रकाशित भइसकेको यो पुस्तक एकपटक पढ्नैपर्ने पुस्तक हो भन्ने मलाई लाग्छ । सन् १९४५ मा लेखिएको यो पुस्तकले हामीले हेरिरहेको दुनियाँबाट अलग दृष्टिकोणबाट चर्चा गरेको छ । यसमा ईश्वरसँग साक्षात्कार गर्ने विधिको चर्चा गरिएको छ । हामीभित्रै सबै छ, आफैंलाई गहिरिएर खोजियो भने रहस्यमा रहेका यावत् कुरा भेट्न सकिन्छ भन्ने पुस्तकमा देखाइएको छ । सुरुमा त पुराणको कथाजस्तो पनि लाग्न सक्छ । कतिपयलाई तर्कसंगत नलाग्ला । तर, ठाउँ-ठाउँमा यसको मिहिन व्याख्या गरिएको छ, जसले लेखकका तर्कहरूलाई स्पष्टसँग स्थापित गर्छ । यस्ता पुस्तकले मानिसको आध्यात्मिक चेतलाई जागृत गराउन सहयोग गर्छ ।



भग्नभैरव : हास्यव्यंग्य, निबन्ध, पत्रकारिता, सम्पादनलगायत धेरै विधामा भैरव अर्याल उत्कृष्ट लेखक हुन् । उनका कृतिहरू जति पढिनुपर्ने हो, जति चर्चा हुनुपर्ने हो, त्यति भएको छैन । उनको जीवनीमा आधारित रहेर प्रोल्लास सिन्धुलीयले लेखेको उपन्यास 'भग्नभैरव' मलाई निकै मन पर्छ । सत्य घटनामा आधारित यस पुस्तकमा विशिष्ट क्षमताको लेखनी भएका व्यक्तिलाई समाजले चिन्न नसक्दाको विडम्बना छ । कुशल सम्पादन, उत्कृष्ट कवित्व क्षमता, अखबारी लेखनमा अब्बललगायत उहाँका गुणहरूको मात्रै चर्चा गरिएको छैन । अर्यालमाथि भएको बौद्धिक श्रम शोषणबारे पनि लेखिएको छ । उनको क्षमता चिनेर जागिर दिनेले शोषण मात्रै गऱ्यो, त्यहीकारण उनी बाहिर हाँसेर पनि भित्र-भित्रै डिप्रेसनजस्तो अवस्थामा पुगे । बौद्धिक शोषण हिजो मात्रै थिएन, आज पनि छ । त्यहीकारण पनि यो पुस्तक पढ्नुपर्छ ।



म उठिसकेको थिइनँ । आमा आत्तिँदै आउनुभयो । के भएछ भनेर बाहिर निस्किएँ । सेतो भित्तामा 'चोर अशेष मल्ल, तुरुन्तै काठमाडौं फर्किहाल्, नत्र कारबाही गर्छौं भनेर ठूलो अक्षरमा लेखिएको रहेछ । अघिल्लो राति मात्रै घरमा पुगेको छु । त्यसपछि त आमाले बस्नै दिनुभएन । तँलाई मार्छन् भनेर आमा कराउन थाल्नुभयो । त्यसपछि म काठमाडौं फर्किएँ ।

नाटक सुरु हुनुअघि बत्ती बालेर हातबाट तल राखेर गीत गाउँदै मञ्चन सुरु गरिन्थ्यो । ब्याडमिन्टनको कर्भ राख्ने बट्टालाई प्रयोग गरेर त्यसभित्र बत्ती राखिन्थ्यो । नाटक हेर्न दर्शक सबै आइसकेका थिए । नाटक सुरु हुन लागेको थियो । तर, बत्ती नै बलेन । किन बत्ती बलेन भनेर कर्भभित्र हात घुसारेको त नांगो बिजुलीको तार रहेछ । करेन्टको झट्काले नराम्रोसँग भुइँमा बजारिएँ ।



अशेष मल्ल वरिष्ठ रंगकर्मी हुन् । सडक नाटकदेखि स्टेज हुँदै नाटकघरसम्म आइपुग्दा मल्लले भोगेका अनुभूति रोचक र प्रेरणादायी छन् । उनै नाट्यकर्मी मल्लले आफ्नो नाट्ययात्राका रोचक घटना पवन बराइलीसँग यसरी सम्झिए :

किस्सा १

मञ्चमा निधार ठोक्किँदा

२०३६ सालको आन्दोलन चर्किंयो । म त्यतिबेला विद्यार्थी नै थिएँ । देशभर नै आन्दोलन चर्किन थाल्यो । आन्दोलनका कारण पढाइ हुने कुरा भएन । आन्दोलन देशभरि सुरु भएपछि म धरान पुगेँ । त्यहाँ साहित्यिक साथीहरूसँग भेट भयो । त्यहाँ पनि कार्यक्रम भइरहेको रहेछ । कार्यक्रममा मैले एक्लै कविता वाचन गरेँ । मलाई पञ्चायतविरोधी भनेर चिन्थे । म धरान पुगेपछि घरतिर हल्लाखल्ला हुन थालेछ । केही दिन धरान बसेपछि बिहानै उठेर धनकुटातिर लागेँ । साँझ घर पुगेँ ।

ज्यान थकित थियो, सुतेँ । भोलिपल्ट सबैभन्दा पहिला आमा उठ्नुभयो । म उठिसकेको थिइनँ । आमा आत्तिँदै आउनुभयो । के भएछ भनेर बाहिर निस्किएँ । सेतो भित्तामा 'चोर अशेष मल्ल, तुरुन्तै काठमाडौं फर्किहाल्, नत्र कारबाही गर्छौं भनेर ठूलो अक्षरमा लेखिएको रहेछ । अघिल्लो राति मात्रै घरमा पुगेको छु । त्यसपछि त आमाले बस्नै दिनुभएन । तँलाई मार्छन् भनेर आमा कराउन थाल्नुभयो । त्यसपछि म काठमाडौं फर्किएँ ।

किस्सा २

गाउँलेको झगडालाई नाटकमा उतारेँ

साथीहरूले पत्रिकामा कथा-कविता लेखेको देख्थेँ । उनीहरूले मलाई अरूको नाटक कति गर्ने तिमी आफैं नाटक लेख भन्न थाले । नाटक त लेख्ने, तर कसरी ? मलाई थाहा थिएन त्यसवेला । २०३२ सालको कुरा हो । धनकुटाको हात्तीखर्क भन्ने गाउँमा हाम्रो खेतबारी थियो । त्यहाँ बुबाले मलाई वेला-वेला पठाउँनुहुन्थ्यो । त्यहाँ हाम्रो खेती हेर्ने 'बखते' भन्ने मान्छे थिए । उनी परिवारसँग झगडा पनि गर्थे । मैले उनीहरू झगडा गरेको देख्थेँ । पछि उनीहरूको झगडालाई आधार मानेर नाटक लेखेँ । नाटकको नाम 'तुवाँलोले ढाकेको बस्ती' राखेँ । यो नाटकलाई हामीले धनकुटामा मञ्चन गर्यौं । त्यही नाटक लिएर काठमाडौं आयौं । हाम्रो झन्डै ४०-५० जनाको हुल थियो । भारी बोकेर आयौं ।

त्यसवेला एकडेमीमा त्यो नाटक एक महिना चल्यो । दर्शकहरू पहिलोपटक टिकट काटेरै नाटक हेर्न आए । त्यसपछि टिकट काटेर नाटक हेर्ने प्रचलन सुरु भयो । यो नाटक हेर्न राजा वीरेन्द्रका परिवार पनि आएका थिए । नाटक मञ्चनबाट केही पैसा पनि जम्मा भयो । नाटक मञ्चनपछि सबै साथीहरू धनकुटा फर्किए । म काठमाडौंमै बसेँ । नाटकमा उठेको पैसा सबैले बाँडेका थियौं । त्यही पैसाले घरमा सल्लाह नगरी नेपाली विषयमा एमए भर्ना भएँ । घरबाट एक पैसा नलिई पढेँ । बुबाआमालाई धेरैपछि मात्रै थाहा भयो, छोरा पढ्दै छ भनेर ।

किस्सा ३

२५ पेजको त्यो प्रेमपत्र

२०३०-३१ सालतिरको कुरा हो । त्यतिबेला धनकुटामै नाटक गरेका थियौं । त्यो नाटकमा एकजना साथी हिरोइन र म हिरोको भूमिकामा थियौं । नाटकको दृश्य सकिएपछि हामी पर्दापछाडि बस्थ्यौं । त्यसरी नै चार-पाँच दिन चलि नै रह्यो नाटक । एक दिन नाटकको दृश्य सकेर उनी र म पर्दापछाडि नै बसेका थियौं । मेरो हातमा उनले एकदमै मोटो खाम दिइन् । मैले त्यहीं खोल्न लागेको थिएँ । तर, उनले घरमा लगेर खोल्नू भनिन् । मैले त्यो खाम गोजीमा राखेँ । त्यो दिन नाटक सकेर घर फर्किएँ ।

घरमा लाल्टिन बालेर खाम खोलेर हेरेँ । त्यहाँ २५ पेजको प्रेमपत्र रहेछ । त्यसवेला किशोरावस्थामा नै थिएँ । त्यो प्रेमपत्रले म झस्किएँ । मलाई प्रेममा फस्नुहुन्न भन्ने लाग्यो । मलाई त भविष्यमा ठूलो कवि र नाटककार बन्नु थियो । मैले त्यो प्रेमपत्रको जवाफ दिइनँ । नाटक

---

३ चैत (शनिबार) - ९ चैत (शुक्रबार)

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा रमणीय र सुखद यात्राको योग रहेको छ । दाम, इनाम र प्रतिष्ठाका लागि महत्त्वपूर्ण योग रहेकाले प्रयत्न गर्दा लाभ मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । प्रेम जीवन सबल र सफल हुनेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । रोकिएका अधुरा कार्यले पूर्णता पाउनेछन् । जग्गा-जमिनको कारोबारबाट फाइदा लिन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । साताको अन्त्यमा प्रेम सम्बन्ध कसिलो हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । घरमा अतिथिको आगमन हुनेछ । वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागी भइएला । साताको अन्त्यमा वैदेशिक क्षेत्रबाट पनि सफलता मिल्नेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा नयाँ तथा व्यावसायिक यात्राको योग रहेको छ । पारिवारिक सहयोग सोचेअनुसार नै प्राप्तिको योग छ । सेयर मार्केटमा गरिएको लगानीले सोचेअनुसार फाइदा दिनेछ । साताको अन्त्यमा सरकारी निकायको काममा ढिलासुस्ती हुने योग रहेको छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागी हुने अवसर मिल्नेछ । पैतृक सम्पत्ति जोगाउने अन्तिम मौका मिल्नेछ । पढाइमा सफलताको योग रहेको छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

यो सातामा रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । प्रेम सम्बन्ध र प्रणय प्रसंगका लागि पनि श्रेष्ठ समय रहेको छ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । साताको अन्त्यमा कार्य सम्पादनमा समस्या आउने र आलस्य जाग्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । साताको अन्त्यमा वैदेशिक यात्राको कार्यमा सफलता मिल्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । प्रेमीको सहयोग पनि प्राप्त हुनेछ । स्थानान्तरणको योग रहेकाले कार्यमा थप जिम्मेवारी मिल्नेछ । पढाइमा सफलता मिल्नेछ । साताको अन्त्यमा विशिष्ट व्यक्तिको भेटघाटले महत्त्वपूर्ण कार्य बन्ने योग छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा पढाइमा सफलताको योग रहेको छ । आर्थिक रूपमा महत्त्वपूर्ण साता रहनेछ । स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ । साताको अन्त्यमा धर्म तथा समाजसेवामा मन लाग्नेछ । लामो समयदेखि रोकिएका अधुरा काम पूरा हुनेछन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा धार्मिक तथा शैक्षिक भ्रमणको योग रहेको छ । मनले आँटेको र सोचेका कार्य पुरा हुनेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साताको अन्त्यमा बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्ने छ ।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा वैदेशिक यात्राको अवसर जुर्नेछ । नयाँ जागिरको थालनी हुनुका साथै शिक्षामा पनि सफलता मिल्नेछ । साताको उत्तरार्धमा प्रतिद्वन्द्वीहरूले कार्यमा अवरोध ल्याउन सक्छन् । पुँजी बजारले पनि सोचेअनुसार साथ दिनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा अकस्मात् धन आर्जनको योग रहेको छ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । कलासाहित्य तथा संगीतमा रुचि बढ्नेछ । प्रेमीको सहयोग पनि पाइनेछ । पारिवारिक धार्मिक यात्राको योग रहेको छ ।

समीक्षा



दिल सहनी

कवि सुमिनाद्वारा लिखित 'बागी स्त्रीको आत्मकथा' यो वर्षको महिला हस्ताक्षरमध्ये महत्त्वपूर्ण साहित्यिक कृति हो । यो कवितासंग्रहमा कविले मुख्यतः महिलाका समस्या र वेदनालाई आफ्ना कवितामा वाणी दिएको हुनाले यसलाई आत्मकथा पनि भन्न सकिन्छ । महिला कुनै न कुनै रूपमा पुरुषद्वारा पीडित भएको कुरालाई प्रतिबिम्बित गर्दै मुख्यत पुँजीवादी समाजमा हुर्के-बढेका महिलाको चित्रण साथै उनीहरूको व्यथा-कथालाई वाणी दिएको छ ।

महिला सदासर्वदा पुरुषद्वारा शोषित-पीडित रहेको कुरा भने साँचो होइन । आदिम साम्यवादी, दास, सामन्ती, पुँजीवादी, समाजवादी तथा साम्यवादी युग गरी समाजलाई मार्क्सले मुख्यतः ६ युगमा विभाजित गरेका छन् । यी विभिन्न युगमा महिलाको स्थान र अवस्था एकै थिएन । समाजको विकास मातृसत्तात्मक समाजबाट भएको हुँदा त्यतिबेलाको समाजमा परिवारका सर्वेसर्वा महिला नै हुन्थे,



रंगकर्मी अशेष मल्लका

सात रोचक किस्सा

नाटक हेर्न आएका महिलाले श्रीमान्‌लाई भकाभक कुट्न थाले

सकिएपछि उनलाई हामी अहिले नै यस्तोमा अलमलिनुहुँदैन भनें । त्यसरी नसोचेको भए यहाँसम्म आइपुग्दिनथें होला । मेरो विवाह हुन्थ्यो होला । धनकुटामै हुन्थें होला ।

किस्सा ४

बादल सरकारको खुट्टा ढोगेँ

दक्षिण एसियाली सडक महोत्सव गर्थ्यौं । भारतमा सडक नाटकका पिता भनेर चिनिएका बादल सरकारबाट महोत्सवको उद्घाटन गराउने योजना बनायौं । तर, उनीसँग चिनजान थिएन । उनको नाम मात्रै सुनेको थिएँ । तर, उनैलाई ल्याउन मन लाग्यो । मेरो एकजना दीपक लोहोनी भन्ने साथी थिए । उनकी दिदी कलकत्तामा रहिछिन् । उनको बंगलीसँग बिहे भएको रहेछ । मैले दीपकलाई 'तिम्रा भिनाजुलाई बादल सरकार भेट्टाउन सहयोग गर्न भन्नुपऱ्यो' भनें । उनले भइहाल्छ नि, भिनाजुले धेरै सहयोग गर्नुहुन्छ भनिहाले । त्यसपछि म कलकत्ता एक्लै गएँ । बल्ल-बल्ल उनको घर पत्ता लगाएँ । तर, उनले बादल सरकारको नाममसेत सुनेका रहेनछन् । उनले धेरैलाई सोधे, कसैले पनि चिनेको छु भनेन । तीन-चार दिन भइसक्यो, कसैले पनि फेला पार्न सकेनन् । तर, मलाई बादल सरकार भेटेर निमन्त्रणा दिनु थियो ।

बादल सरकारलाई खोज्दा-खोज्दा हैरान भएँ । फेला पार्नै सकिएन । त्यहाँ एउटा स्कुलका शिक्षकचाहिँ कलाकार रहेछन् । बल्ल दीपकका भिनाजुले त्यो शिक्षक फेला पारेछन् । ती शिक्षकले उसलाई बादल सरकार बस्ने ठाउँ बताइदिएछन् । ट्रेनमा जानुपर्ने । त्यही रात ट्रेन चढियो । ८-९ बजे पुगियो बादल सरकार बस्ने ठाउँमा । खोज्दै जाँदा घर पत्ता लाग्यो । ६-७ तलाको घर रहेछ । माथिल्लो तलामा बस्दा रहेछन् । एकजना बुढो, केश सेतै फुलेको, झ्याप्प दारी पनि फुलेको । मैले त फोटो पनि देखेको थिइनँ । त्यहाँ उनी नाटकको रिहर्सल गर्दै थिए ।

हामीलाई देखेपछि उनी छक्क परे । मैले आफ्नो परिचय दिएँ । उसले म नै हो बादल सरकार भनेपछि मैले खुट्टा ढोगिदिएँ । उनी एकछिन छक्क परे । त्यो भेटका क्षण अझै याद छ, उनले मलाई क्रेजी(पागल) भने । उनले किन आएको भनेर सोधे । हामीले सडक नाटक महोत्सव गर्दै छौं । तपाईंबाट उद्घाटन गराऊँ भनेर निमन्त्रणा दिन आएको भनें । त्यसपछि उनी छक्क परे । त्यो राति उनकै घरमा बसें । त्यसवेला उनीसँग सात दिन सँगैसँगै रहें ।

किस्सा ५

नाटकको त्यो सेन्सर

त्यसवेला नाटकका लागि हल पाउन पनि गाह्रो हुन्थ्यो । हल पाएपछि पनि नाटक सेन्सर हुन्थ्यो । त्यसवेला सिडिओ अफिसले नाटकका लागि सेन्सर गरेर सास्ती दिन्थ्यो । नाटकको स्क्रिप्ट पास गर्न अञ्चलाधीशकहाँ जानुपर्थ्यो । उनीहरूले सेन्सर गर्दा लाइनका लाइन नाटकको स्क्रिप्ट काटिदिन्थे । कहिलेकाहीं त सेन्सर गरेर ४० पेजको नाटकलाई २० पेजमा घटाइदिन्थे । रातो मसीले कोरेको संवाद नभन्नू भनेर आदेश दिन्थे । यदि संवाद भनिहाले पुलिसले आएर लगिहाल्थे । यसरी थुप्रै नाटक मञ्चन गर्न्यौं । मलाई बिस्तारै सेल्फ सेन्सर गर्नुपर्छ भन्ने लाग्यो । आफैं सेन्सर गरेर नाटक लेख्न थालें । त्यसले मलाई फाइदा पनि गऱ्यो । चिप शब्दहरू प्रयोग नगरी सिम्बोलिक र बिम्ब प्रयोग गरेर लेख्न थालें । बिम्ब प्रयोग गरेर लेख्दा सिडिओ अफिसले खासै बुझ्दैनथ्यो । यही क्रममा 'हामी वसन्त खोजिरहेछौं' भन्ने नाटक लेखें । वास्तवमा यसको अर्थ 'हामी प्रजातन्त्र खोजिरहेछौं' थियो । त्यो नाटक सिडिओ अफिसले एक शब्द पनि काटेन । हामीलाई प्रजातन्त्र चाहिन्छ भन्न बिम्बात्मक रूपमा लेखिएको थियो । उनीहरूले बिम्बलाई बुझ्नेनन् । मेरो सेन्सर नभएको त्यो एउटा मात्रै नाटक थियो ।

किस्सा ६

करेन्ट लागेर मञ्चमै बजारिएँ

२०३८/३९ सालतिर हुनुपर्छ । हामी देशका विभिन्न सहरमा नाटक देखाउँथ्यौं । मलाई अरूले भन्दा फरक काम गर्नुपर्छ भन्ने लाग्थ्यो । तर, मेरो अगाडि बालकृष्ण सम, विजय मल्ल हुनुहुन्थ्यो । उहाँहरूभन्दा फरक नाटक कसरी गर्न सक्छु ? भन्ने सोच्थें । हरेक नाटकमा नयाँ-नयाँ तरिका अपनाउन मन लाग्थ्यो । त्यही दौरान पोखरामा नाटक मञ्चन गर्नुपर्ने थियो । नाटकका लागि स्टेज आफैंले बनाउनुपर्थ्यो । नाटकको स्टेज पछाडिको कुरा हो । नाटक सुरु हुनुअघि बत्ती बालेर हातबाट तल राखेर गीत गाउँदै मञ्चन सुरु गरिन्थ्यो । ब्याडमिन्टनको कर्भ राख्ने बट्टालाई प्रयोग गरेर त्यसभित्र बत्ती राखिन्थ्यो । नाटक हेर्न दर्शक सबै आइसकेका थिए । नाटक सुरु हुन लागेको थियो । तर, बत्ती नै बलेन । किन बत्ती बलेन भनेर कर्भभित्र हात घुसारेको त नांगो बिजुलीको तार रहेछ । करेन्टको झट्काले नराम्रोसँग भुइँमा बजारिएँ । करेन्टले कसो ढूलो दुर्घटना निम्त्याएन । त्यसवेला ढूलो कालबाट जोगिएँ । एकछिनपछि उठेर फेरि नाटक गरैं ।

किस्सा ७

महिलाले बहुविवाह गर्ने श्रीमान् कुटे

हामी गाउँगाउँमा सडक नाटक देखाउँदै हिड्थ्यौं । त्यही दौरान पाल्पा पनि पुगेका थियौं । गाउँको नाम ठ्याक्कै याद भएन । नाटक बहुविवाहविरुद्धको थियो । चउरमा गाउँलेहरू नाटक हेर्न आएका थिए । हामी नाटक देखाइरहेका थियौं । नाटक हेर्न आउने एकजना पुरुषले बहुविवाह गरेका रहेछन् । त्यहाँ उनका दुईजना श्रीमती पनि आएका रहेछन् । ती पुरुषलाई दुईजना महिलाले कुनामा लगेर भाकाभक कुट्न थाले । नाटक बिथोलिएर सबैजना त्यहाँ झुम्मिन थाले । हाम्रो नाटकले दिन खोजेको सन्देश र उनीहरूको जीवनको भोगाइ उस्तै रहेछ ।

घाटेवैद्यको कथा



सुवर्ण वैद्य

> उनको सेवाकेन्द्रमा मानिस आउने र मृत्यु हुने क्रम चलिरहन्छ । परिवारले आस मारिसकेका केही बिरामी उपचारपछि निको भएर घर फर्कने गरेका पनि छन् । त्यस्ता बिरामीलाई निको बनाएर घर पठाउन पाउँदा आफूलाई राम्रो निद्रा लाग्ने वैद्य बताउँछन् ।

सेवा

● अन्वेषण अधिकारी

पशुपति आर्यघाटमा विगत तीन दशकदेखि बिरामीको सेवा गरेर बसिरहेका छन्- सुवर्ण वैद्य । चन्द्रशमशेरको पालादेखि नै पशुपतिमा अन्तिम अवस्थामा पुगेका बिरामीलाई सेवा दिनका लागि घाटे वैद्यको व्यवस्था गरिएको थियो । पहिले, सुवर्णका बाबु भरत वैद्यले यहाँ सेवा दिन्थे ।

०५२ बाट सुवर्णले यहाँ 'श्री पशुपतिनाथ आर्यघाट सेवाकेन्द्र' सञ्चालनमा ल्याए । उनले अहिले यहाँको बेड संख्या विस्तार गरेर ३५ पुऱ्याइसकेका छन् । 'यहाँ प्रायः अन्तिम अवस्थामा बिरामी आउँछन् । उनीहरूमध्ये अधिकांश बोल्न नसक्ने अवस्थाका हुन्छन् । उनीहरूका आफन्त पीडामा हुन्छन्,' सुवर्णले आफ्नो अनुभव भने, 'यहाँ बस्दा-बस्दा मैले आफू को हुँ भन्ने बिर्सिसकें । के गर्दै छु भन्ने पनि बिर्सिसकें । तर, मलाई बिरामीको आशीर्वाद लागेको हुनुपर्छ । अहिलेसम्म कुनै रोग लागेको छैन । सेवा गरिरहन पाएको छु ।' उनले जडीबुटीको प्रयोगमार्फत आयुर्वेदिक उपचार सेवा दिँदै आएका छन् ।

सुवर्णले युवावस्थामा राजनीति पनि गरे । उनी २०४० सालमा काठमाडौं नगरपालिका-८ को वडाध्यक्षमा निर्वाचित भएका थिए । वडाध्यक्ष हुँदा उनले पशुपति बहुमुखी क्याम्पस खोल्न पहल गरे । २०६२/६३ को जनआन्दोलनअघि छोटो समय दोस्रो कार्यकाल वडाध्यक्ष बने । तर, अहिले उनलाई राजनीतिमा रुचि छैन । राज्यले नागरिकको शिक्षा र स्वास्थ्यमा गरेको चरम लापरबाहीप्रति उनी चिन्तित छन् । 'सरकारले सबैभन्दा शिक्षा, स्वास्थ्यमै ध्यान दिँदैन भने अन्य कुरामा ध्यान दिएर के अर्थ ? यो सरकारले उता डोल्पामा कुहिएको चामल पठाउँछ, यता सरकारमा बस्नेहरू बासमती चामल खान्छन्,' उनले भने, 'जनतालाई गाह्रो छ । अरूको पीडा देख्दादेख्दै आफ्नो पीडा भुलिसकें । बिहान भगवान्‌को दर्शन गऱ्यो । बेलुकी सुत्यो ।'

वनकाली आसपासका संरचना भत्काउने क्रममा त्यहाँको अस्पताल भत्किएको देखेर उनलाई निकै चित्त दुखेको छ । 'अहिले वनकालीनजिकै जहाँ मोटर पार्क बनाइयो, त्यहाँ पाँच तलाको हस्पिटल खोलेको थिएँ । सरकारले भत्कायो । त्यो हस्पिटल भएको भए विभिन्न समस्याको उपचार गर्न मिल्थ्यो,' उनले भने ।

बिरामीले नै गर्छन् सहयोग

घाटमा वैद्यले निःशुल्क उपचार सेवा उपलब्ध गराउँछन् । यहाँबाट कतिपय बिरामी निको भएर फर्किएका पनि छन् । बिरामीका आफन्त र शुभचिन्तकले नै यस सेवाकेन्द्रलाई स्वेच्छाले सहयोग गर्छन् । तर, उनी नगद सहयोग लिँदैनन् । कसैले चाहेमा आवश्यक सामग्री किनिदिन सक्छन् । 'अस्ति जाडोको वेला एकजना बिरामीका आफन्तले केही सहयोग गर्न चाहनुभयो । चिसो अति नै थियो । त्यही महसुस गरेर उहाँले इलेक्ट्रिक हिटरको व्यवस्था गरिदिनुभयो,' वैद्यले सुनाए । दाताले उपलब्ध गराएका यस्ता सामग्री तथा बेडमा उनीहरूको नामसमेत अंकित गर्ने गरिएको छ ।

उनी बिहान ५ बजे उठेर जयबागेश्वरी गणेस्थाननजिकको घरबाट पशुपति दर्शन गर्न आउँछन् । त्यसपछि फेरि घर फर्किएर चिया पिउँछन् । अनि, उपचारमा खटिन्छन् । दिउँसो ३ बजेतिर खाना खानका लागि निस्कन्छन् । अनि, बेलुकीसम्म नै यहाँ उपचारमा व्यस्त हुन्छन् । समाजसेवामा उनको योगदानको कदर गर्दै लायन्स क्लबले आफ्नो शतवार्षिकीका अवसरमा उनलाई सम्मान गरेको थियो ।

घाटमा वैद्यले निःशुल्क उपचार सेवा उपलब्ध गराउँछन् । यहाँबाट कतिपय बिरामी निको भएर फर्किएका पनि छन् । बिरामीका आफन्त र शुभचिन्तकले नै यस सेवाकेन्द्रलाई स्वेच्छाले सहयोग गर्छन् । तर, उनी नगद सहयोग लिँदैनन् । कसैले चाहेमा आवश्यक सामग्री किनिदिन सक्छन् । 'अस्ति जाडोको वेला एकजना बिरामीका आफन्तले केही सहयोग गर्न चाहनुभयो । चिसो अति नै थियो । त्यही महसुस गरेर उहाँले इलेक्ट्रिक हिटरको व्यवस्था गरिदिनुभयो,' वैद्यले सुनाए । दाताले उपलब्ध गराएका यस्ता सामग्री तथा बेडमा उनीहरूको नामसमेत अंकित गर्ने गरिएको छ ।

उनी बिहान ५ बजे उठेर जयबागेश्वरी गणेस्थाननजिकको घरबाट पशुपति दर्शन गर्न आउँछन् । त्यसपछि फेरि घर फर्किएर चिया पिउँछन् । अनि, उपचारमा खटिन्छन् । दिउँसो ३ बजेतिर खाना खानका लागि निस्कन्छन् । अनि, बेलुकीसम्म नै यहाँ उपचारमा व्यस्त हुन्छन् । समाजसेवामा उनको योगदानको कदर गर्दै लायन्स क्लबले आफ्नो शतवार्षिकीका अवसरमा उनलाई सम्मान गरेको थियो ।

घाटमा वैद्यले निःशुल्क उपचार सेवा उपलब्ध गराउँछन् । यहाँबाट कतिपय बिरामी निको भएर फर्किएका पनि छन् । बिरामीका आफन्त र शुभचिन्तकले नै यस सेवाकेन्द्रलाई स्वेच्छाले सहयोग गर्छन् । तर, उनी नगद सहयोग लिँदैनन् ।

उनको सेवाकेन्द्रमा मानिस आउने र मृत्यु हुने क्रम चलिरहन्छ । परिवारले आस मारिसकेका केही बिरामी उपचारपछि निको भएर घर फर्कने गरेका पनि छन् । त्यस्ता बिरामीलाई निको बनाएर घर पठाउन पाउँदा आफूलाई राम्रो निद्रा लाग्ने वैद्य बताउँछन् । २०५९ सालमा परिवारले नै आस मारेर ब्रह्मनाल पुऱ्याइसकेका सुनसरी इनरुवाका भवनाथ भट्टराईलाई उनले सेवाकेन्द्रमा ल्याएर उपचार थाले । 'बिहान ५:३० बजे म पशुपति दर्शन गर्न आएको थिएँ । ब्रह्मनालमा रामनामी ओडाएर राखिएको एकजना व्यक्तिको सास चलिरहेजस्तो लाग्यो । त्यसपछि ती व्यक्तिलाई सेवाकेन्द्रमा ल्याएँ । एक महिना १७ दिन उपचार गरेपछि ती व्यक्ति निको भए । त्यसपछि उनलाई माला ओडाएर अभिनन्दन गर्दै घर पठाएँ ।' उनी निको भइसकेपछि पनि बारम्बार यहाँ आउँथे । ०६२ सालमा उनले धन्यवाद पेटिकामा लेखेका थिए, 'म सामान्य जन्डिसको बिरामीबाट मृत्यु अवस्थामा पुगी पशुपति आर्यघाटमा सुखद मरणका लागि ब्रह्मनालमा ल्याएको अवस्थामा श्री सुवर्णमान वैद्यले सोधपुछ गर्नुभई ब्रह्मनालमा नराख्न र परिवारलाई सुन, तिल, चामल, दान नगर्न भनी उपचार गर्न थाल्नुभयो । तल सत्तलबाट माथि ल्याई १२ नम्बर बेडमा सेवा उपचार गर्नुभयो । यस क्रममा एक महिना १७ दिन राखी पूर्ण रूपमा स्वस्थ बनाई पठाउनुभयो । यसबाट म स्वास्थ्य लाभ गरी आजसम्म वर्षमा एकपटक यहाँ आउने गरेको छु । र, आज पनि २०६२/०२/२८ गते भेटघाट राम्रोसँग गर्न सक्षम भइरहेको छु । मलाई मृत शय्याबाट आर्यघाटमा ल्याएर उपचार गरी आजसम्म जीवितै रहन सफल बनाइदिनुभएकोमा पशुपति आर्यघाटका वैद्यज्यूलाई मुरीमुरी धन्यवाद अर्पण गर्छु । श्री पशुपतिनाथमा सभक्ति सदादिनको मंगलमय भाव अर्पण गर्छु ।' निको भएर फर्किएका धेरै बिरामीले यसरी नै धन्यवाद दिने गरेका छन् । त्यस्ता धन्यवाद पत्रलाई उनले सम्हालेर राखेका छन् । भवनाथको निधन २०६९ सालमा भयो ।

भिडभाडले सर्वसाधारण मर्कामा

ब्रह्मनालपारि साँझको समयमा आरती र भजन चल्छ । यसले सेवाकेन्द्रमा बस्ने बिरामीलाई असर गर्ने गरेको वैद्यले बताए । 'म आफैं वडाध्यक्ष हुँदा यहाँ आरती थालिएको हो । तर, आरतीको अर्थ यस्तो तडकभडक होइन । यहाँ शान्तसँग बागमती नदीमा दीप प्रज्ज्वलन गरेर बगाउने र प्रार्थना गर्ने गरिन्थ्यो, अहिले चर्को भजन र नृत्य हुन्छ । केटाकेटी अँगालो हालेर बसेका हुन्छन्,' उनले भने, 'नजिकै सेवाकेन्द्र छ । यहाँ अन्तिम अवस्थाका बिरामी आएका हुन्छन् । तर, कसैलाई मतलब हुँदैन । धर्म गर्न सबैले पाउनुपर्छ । तर, के यो भड्किलो रूपमा आरती गर्ने ठाउँ हो ? भजन-कीर्तन त अलि तल गएर पनि गर्न सकिन्छ होला नि !' राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायत भिआइपीहरू दर्शन गर्नका लागि पशुपति आउँदा यहाँ भिडभाड हुने र सर्वसाधारणले दुःख पाउने गरेको उनको अनुभव छ । 'अस्ति भर्खरै एकजना भिआइपी आएका थिए । सुरक्षा व्यवस्था कडा थियो । पारि पुलसम्मै मानिस थिए ।'

ब्रह्मनाल वरपरका क्षेत्रमा आवश्यक मानिसलाई मात्रै प्रवेश दिनुपर्ने उनको भनाइ छ । 'यहाँ त मानिसले शान्ति पाउनुपऱ्यो,' उनले भने ।

कविताले लिएको विद्रोह चेत

पुरुष महिलाका अधीनमा हुन्थे । घुमन्ते आदि साम्यवादी युगको समाप्तिपछि मानिसहरू एक ठाउँमा बसेर खेतीपाती र पशुपालन गर्न थाले । यसरी व्यक्तिगत सम्पत्तिको उदयपछि खेतीपातीमा पुरुषकै स्वामित्व हुँदा महिलाभन्दा पुरुष बलिया भए यसरी नै पुरुषप्रधान समाजको प्रारम्भ भयो । त्यसवेलादेखि आजका दिनसम्म जेजति परिवर्तन भए पनि मूलतः पितृसत्तामक समाजमा उल्लेखनीय परिवर्तन भने भएको छैन ।



'बागी स्त्रीको आत्मकथा' काव्यपुस्तकले मुख्यतः पुँजीवादी समाज महिलाको स्थिति र अवस्थाको चित्रण गरेको छ । सुमिनाले आफ्ना कवितालाई आठ खण्ड, आठ उपशीर्षकमा विभाजित गरेकी छिन् । समग्रमा पुस्तकले विभिन्न दिशा र कोणबाट बागी स्त्री को विचार, भावना र कल्पनालाई प्रतिबिम्बित गरेको छ ।

सुमिनाको 'बागी स्त्रीको आत्मकथा'मा विद्रोह क्रान्ति विकल्पसहितको छ । यस अर्थमा यो एक कदम अघि छ । आँधी बन्न अभ्यस्त मान्छे कविताका कविले आँधीको सामना आँधी भएर नै गर्न सकिन्छ भन्ने यथार्थ तथा प्रगतिवादी विचार व्यक्त गरेकी छिन् ।

खण्ड २ तानाशाह उपशीर्षकसम्म आइपुग्दा भने कवि महिला मुक्तिका विचारबाट बाहिर आएर शोषण-दमनमा आधारित वर्गीय समाजको चित्रण प्रस्तुत गर्दै मजदुर वर्गको पक्षमा उभिन्छिन् । शासक वर्गको अगाडि रोएर केही हुनेवाला छैन । संघर्ष गरेर नै अधिकार प्राप्त गर्न सकिन्छ भन्ने कविको वर्गीय विचार पनि उक्त खण्डमा व्यक्त भएको छ । आधुनिक तानाशाह कवितामा चारित्रिक विशेषता छताछुल्ल हुनुको साथै दासताबाट माथि नउठ्ने 'दास मनोवृत्तिको' पनि उल्लेख गरिएको छ ।

खण्ड ३ मा पनि पुराना कुराले समाजलाई अग्रगामी परिवर्तन गर्न नसक्ने हुनाले नयाँ कुरालाई लागू र स्थापित गर्न यस्तो ग्रन्थ निर्माण गरौं भन्ने सन्देश दिँदै कविता लेखेकी छिन् । वर्ग भेद मात्र होइन, जातजाति भेदले विभाजित भएको अन्धविश्वास र अन्धपरम्परामा आधारित समाजमा शिल्पकार कालिगड सम्मानित हुनुपर्नेमा उल्टै उपेक्षित रहनुपरेको अवस्थाको उजागर र विरोध जनाउँदै सुमिना यक्ष प्रश्न कवितामा विभेदकारी समाजप्रति यक्ष प्रश्न तेर्स्याउँछिन् ।

क्रान्तिजस्तो गम्भीर विषयलाई पनि फेसनको रूपमा लिने क्रान्तिकारी रोमान्सवादको विडम्बनापूर्ण अवस्था र चरित्रप्रति व्यंग्यबाणले प्रहार गर्न पनि पछि पर्दिनन् सुमिना । क्रान्ति जपपाठ लगाएर वा मन्त्र पढेर सम्पन्न हुने कुरा होइन । यो सही सिद्धान्त र व्यवहारका आधारमा मात्र प्राप्त गर्न सकिने कुरा हो ।

समग्रमा यो कवितासंग्रहमा महिला मुक्तिका स्वरसँगै जात व्यवस्थाविरुद्धको आवाज श्रमिकको पक्षमा वर्गीय विचार र आजको पुँजीवादी बजारको चित्र पनि उत्तिकै जोडदार उठेको छ । यस संकलनमा परेका प्रायः धेरै कविताले कुनै न कुनै रूपमा शोषण-दमनमा परेका महिलाका पीडा प्रकट गर्नाका साथसाथै उनीहरूलाई संगठित भई अधिकार प्राप्तिका लागि आवाज उठाउने र संघर्ष गर्ने सन्देश दिँदै महिला मुक्तिको गोरेटो पनि देखाउँछन् ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अनुभव

प्रधानमन्त्री बन्ने अफर आउँदा ...

● महन्थ ठाकुर



जनकपुर कांग्रेसको गढ थियो । महेन्द्रनारायण निधि, सरोज कोइरालाजस्ता प्रभावशाली नेता यहींका थिए । त्यहीकारणले पनि होला, सानैदेखि प्रजातान्त्रिक विचार मन पर्न थाल्यो । कलेज पढ्दै गर्दा म त्यहाँका विद्यार्थीको प्रतिनिधित्व गरेर नेपाल विद्यार्थी संघको पहिलो अधिवेशनका लागि काठमाडौं आएँ ।

नेविसंघको पहिलो सेसनको उद्घाटन कृष्णप्रसाद भट्टराईले गर्नुभयो । दोस्रो सेसन पशुपति बागमतीको किनारमा चलिरहेको थियो । अन्त्यमा नेपाल विद्यार्थी संघ भनेर नाम राखियो । छलफलकै दौरान पुलिसले चारैतिरबाट घेऱ्यो । केही भागे, मसहित केही साथी समातियौं । प्रहरीले त्यस रात त्रिपुरेश्वरस्थित गेस्ट हाउसमा बन्दाको झोल (जसमा पात खोज्नुपर्ने) खुवायो । भोलिपल्ट नेविसंघका समर्थकले जम्मा भएर चर्को नाराबाजी गरे । प्रहरीले पनि हरेक विद्यार्थीलाई बोलाएर छोड्दै थियो । मेरो पालो रातिको १२ बजे आयो । त्यहाँ, सोधपुछ गर्ने सइसँग मेरो पुरानो चिनजान थियो । उनले लिस्टमा तपाईंको नाम छ, जानुस् भन्यो । मैले यो राति कहाँ जाने भनेपछि उसले बिहानसम्म बसेर जानुस् न त भनेर मिलायो । क्रमशः सबै विद्यार्थी छुटे । यस अधिवेशनबाट विपिन कोइराला संस्थापक अध्यक्ष चयन भएका थिए ।

मलाई ढिलो वा चाँडो गणतन्त्रमा देश जान्छ भन्ने लागिसकेको थियो । राजासँग मेरो कुनै नराम्रो थिएन । तर, राजतन्त्रविरुद्ध बोलेकाले उनीहरूले मन पराउने कुरा स्वाभाविक पनि थिएन ।

०६२ सालअघि मलाई पार्टी कार्यालयमै दरबारका केही युवाहरूले आएर भन्थे,'तपाईंलाई सुटआउटको अर्डर' छ । म भन्थें, 'सधैं बाँच्नका लागि त कोही आएको हुँदैन ।' खासमा गिरिजाबाबु पनि गणतन्त्रै चाहनुहुन्थ्यो । तर, मुखै खोलिहाल्नु हुँदैन भन्ने थियो । यता, म आफ्ना धारणा राखिरहेको हुन्थें । सबैजना भन्थे कि तपाईं गिरिजाबाबुको भनाइ बोलिरहेको हुन्छ । एकपटक सडकमै संसद् बस्थ्यो, जनआन्दोलनताका । पहिलो बैठकमा मैले भनिदिएँ, 'हामी राजासँग जाँदा केही न केही अधिकार जनताको उसलाई बुझाउनुपर्छ । त्यसकारण हामी जाने होइन । राजा नै हामीसँग भेट्न आउनुपर्छ । पुरानो राजाको हत्या आरोपसहित विभिन्न आरोप ऊमाथि छ ।'

नेविसंघका विद्यार्थीहरू मेरो यस भाषणले निकै प्रभावित भएका थिए । अब हामी पनि गणतन्त्रका लागि बोल्छौं भन्थे । एघारौं महाधिवेशनपछि कांग्रेसले विधानबाटै संवैधानिक राजतन्त्र हटायो । राजा समय-समयमा छुरा बोकेर पिठमा घोच्थे । पछि सीधै घोच्न थाले । यसपछि राजासँग कि माओवादीसँग मिल्ने भन्ने प्रश्न कांग्रेससामु थियो । मैले माओवादीसँग मिल्नुपर्छ भनें । यसमा म सुरुदेखि नै स्पष्ट थिएँ । किनकि राजासँग सम्झौता गर्दा जनताका केही न केही अधिकार उसलाई दिनुपर्छ । माओवादीका केही माग सम्बोधन गरे पनि कुनै फरक पर्दैन, किनकि ऊ पनि जनताबाटै आएको हो । अन्त्यमा सात पार्टी र माओवादीबीच १२ बुँदे सहमति भयो । त्यसपछि विस्तृत शान्ति प्रक्रिया हुँदै गणतन्त्र, धर्मनिरपेक्षता, संघीयतासहितको संविधान बनेको छ ।

मधेश राजनीति

जनआन्दोलनको बलमा संसद् पुनर्स्थापना भयो । यसपछि गिरिजाबाबु प्रधानमन्त्री बन्नुभयो । म पनि मन्त्रिपरिषद्मा थिएँ । देश नयाँ कोर्सतर्फ जाँदै थियो । तर, राज्यमा मधेशीहरूको सम्मानजनक प्रतिनिधित्व भइरहेको थिएन । मधेशी समुदायले तपाईंले हाम्रा लागि बोलिदिनुपऱ्यो भनेर आह्वान गर्नुभयो । मैले मधेशीका समस्या मन्त्रिपरिषद्मा राखें । मधेशप्रति हेर्ने राज्यको नियत भ्रमपूर्ण छ । अझै पनि त्यस्तो भ्रम हटेको छैन । अधिकार दिँदा मधेश नै भाग्छ भन्ने भ्रम राज्यलाई छ । जब कि हाम्रो लडाइँ त समावेशी प्रतिनिधित्वको हो । यसैका लागि हामीले पटक-पटक आन्दोलन गऱ्यौं । तर, मधेशीका मागहरूलाई अझै राज्यले ध्यानपूर्वक लिएजस्तो लाग्दैन । मानिसहरूको आशा, आकांक्षा पूरा भइरहेको छैन । अहिले पनि राज्यका निकायहरूमा मधेशीहरूलाई जसरी समावेश गर्नुपर्ने थियो, त्यो हुन सकेको छैन । म आफू सीमावर्ती जिल्लाको मानिस, त्यहाँ एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने कानुन अझै छ । ०२८ सालमा बनेको यो कानुन अहिले कसरी सान्दर्भिक हुन सक्छ ? अहिले त अति सामान्य कुरा ल्याउन पनि एक सय रुपैयाँ लागिहाल्छ । सीमाक्षेत्रका मानिसहरू भान्छाका लागि आवश्यक सामान, कृषि, पूर्वाधार निर्माणलगायत नेपाली बजारमा नभेटिने सामान ल्याउनका लागि भारतीय बजारमै निर्भर हुन्छन् । उताका मानिसहरू यता आउँछन् । तर, जनताले यसक्रममा महँगो भन्सार, कानुनी झन्झट र झमेला सहनुपरेको छ । कृषिमा हामी मधेशलाई अन्न भण्डार नै भन्छौं । तर, अहिले त्यो स्थिति छैन । मल समयमा आउँदैन, सुक्खा छ । बिउ समयमा पाइँदैन । जनताका दैनिक जीवनका मुद्दामा सरकारको ध्यान जानुपर्छ ।

सीमा व्यवस्थापन निकै महत्त्वपूर्ण र संवेदनशील विषय हो । तर, यसको अर्थ जनतालाई दुःख दिने गरी व्यवस्थापन गर्ने भनिएको पनि होइन । जनतालाई सहज हुने गरी नीति बनाउनुपऱ्यो । नेपाल-भारतबीचका सन्धि तथा समझदारीको पुनरावलोकन तथा द्विपक्षीय सम्बन्धका समग्र पक्षमा अध्ययन गरी सुझाव दिनका लागि गठन गरिएको प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)मा मधेशीकै प्रतिनिधित्व थिएन । मधेशीलाई बाहिर राखेर कस्तो प्रतिवेदन बनेको होला ? जसले सरोकार राख्छ, उसलाई नै सहभागी नगराएर कसरी वास्तविक कुरा आउँछ ?

राजनीतिमा लागेर १२ बुँदे समझदारी हुँदै गणतन्त्र ल्याउन भूमिका खेलियो । ०६३ सालमा मधेशका सशस्त्र र शान्तिपूर्ण आन्दोलन गरिरहेका सबै आन्दोलनकारीसँग वार्ताका लागि वातावरण बनाउन संयोजकको भूमिका निर्वाह गर्‍यौं । मधेश आन्दोलनको नेतृत्व गरियो, आमजनताका मुद्दालाई अघि बढाइयो । यसमा खुसी लाग्छ । तर, सबै कुरा एकैपटक सुधार हुँदैनरहेछ । राजनीति क्रमशः सुधारको प्रक्रिया हो ।

> राजनीतिमा लागेर १२ बुँदे समझदारी हुँदै गणतन्त्र ल्याउन भूमिका खेलियो । ०६३ मा मधेशका सशस्त्र र शान्तिपूर्ण आन्दोलन गरिरहेका सबै आन्दोलनकारीसँग वार्ताका लागि वातावरण बनाउन संयोजकको भूमिका निर्वाह गर्‍यौं । मधेश आन्दोलनको नेतृत्व गरियो, आमजनताका मुद्दालाई अघि बढाइयो । यसमा खुसी लाग्छ ।

राष्ट्रपति र प्रधानमन्त्रीको अफर

सत्तामा रहेर धेरै कुरा देखिसकेको थिएँ । त्यहीकारण मैले आफ्ना लागि राज्यसत्ता ठूलो ठानिनँ । मेरो पतन नै भए पनि यसलाई महत्त्वपूर्ण मान्दिनँ । मेरो पतनबाट मधेशको जनताले के पाउँछ भन्ने कुरा महत्त्वपूर्ण हो । संसदीय व्यवस्थामा बहुमतको सरकार हुन्छ । तर, हाम्रोमा अल्पमतको सरकार छ । तेस्रो नम्बरमा पर्ने पार्टीले सरकारको नेतृत्व गरिरहेको छ, मेलमिलाप भनेर ।

यहाँ त ३० दिनभित्र पनि सरकार बदलिएको छ । हरेक सरकार र पार्टीभित्र संकट आइरहन्छन् । गिरिजाबाबुमाथि संकट आउँदा भन्नुहुन्थ्यो, 'म सबै कुरा ठाकुरलाई जिम्मा दिन्छु । अनि तिमीहरूलाई थाहा हुन्छ ।' मैले कांग्रेस छाडेर तमलोपा गठन गरिसकेपछि गिरिजाबाबुले पहिलो राष्ट्रपतिको निर्वाचनअघि फोन गर्नुभएको थियो । राष्ट्रपति पदका उम्मेदवारको सूचीमा मलाई पनि राख्नुभएको थियो । अन्त्यमा रामवरणजी उम्मेदवार हुनुभयो । एउटा मधेशीले राष्ट्रप्रमुख बन्न पाउने अवसर लोकतन्त्रकै कारण पाएको हो ।

मलाई देशको नेतृत्व गर्ने अवसर पनि आएको हो । अवसर त्यतिवेला आयो, जतिवेला हामी अल्पमतमा थियौं । केपी ओलीले संसद् विघटन गरिसकेपछि त्यसको विपक्षमा बनेको गठबन्धनले मलाई प्रधानमन्त्रीका लागि अफर गऱ्यो । तर, अल्पमतको पार्टीले त्यस्तो प्रस्ताव किन स्विकार्ने ? स्विकारेर पनि के गर्ने ? केवल फोटो झुन्ड्याउन, इतिहासमा नाम लेखाउन, कठपुतली प्रधानमन्त्री बन्ने रहर थिएन । ३० दिनपछि विश्वासको मत हुन्थ्यो, हामी संसद्मा अल्पमतमा थियौं । मलाई यी कुरामा कुनै गुनासो भने छैन । राजनीति समाज परिवर्तनका लागि हो, पद पाउन होइन ।

> मानिसहरू एकैचोटि व्यवस्था बदल्छौं भनिरहेका छन् । पुराना नेतालाई गाली गरिरहेका छन् । तर, पुराना नेताले जेल बसेर, संघर्ष गरेर ल्याइदिएको वातावरणकै कारण उनीहरूले यसरी बोल्न पाएका हुन् । टुटफुट नेपाली राजनीतिको रोग नै भयो । तर, जनता जागृत भएका छन् । पार्टीहरूले शोषण गरे भन्ने उनीहरूलाई लागिसक्यो ।

संसद् विघटनविरुद्ध किन नबोलेको भन्ने कुरा पनि आउँछ । केपी ओलीजीले सरकारमा ल्याउन हामीलाई पटक-पटक पहल गरिरहनुभएको थियो । हामीले 'संसद् विघटन गरिसक्नुभएको छ । अब चुनाव घोषणा गरेपछि मात्रै चुनावी सरकारमा जान्छौं' भन्यौं । हामी चुनाव हुने अवस्था देखेरै गएका हौं, तर सर्वोच्चले ओलीको निर्णय उल्ट्याइदियो । त्यो मन्त्रिपरिषद्मा १३ जना मधेशीको प्रतिनिधित्व थियो । मधेशीको यति ठूलो उपस्थिति मन्त्रिपरिषद्मा भएको यो पहिलोपटक थियो ।

यसबारे गत चुनावमा जनतालाई जति बुझाउनुपर्ने थियो, त्यो सकिएन । अर्को, ०७४ को चुनावमा हामी मधेशकेन्द्रित शक्ति मिलेर गएका थियौं । यसपटक हामीले गठबन्धनसँग पनि गठबन्धन गऱ्यौं । ०७४ मा ३२ ठाउँमा उम्मेदवारी दिइएको थियो । अहिले सात ठाउँमा मात्रै उम्मेदवारी दियौं । चारवटामा सफल भयौं । हामीले सबैतिर उम्मेदवार खडा गरौं, धेरै मत आउँछ भन्ने मेरो तर्क थियो । तर, साथीहरूले गठबन्धनमा जाऔं भने र त्यहीअनुसार निर्णय गरियो । सबै ठाउँमा उम्मेदवार खडा गरिएको भए समानुपातिक मत पनि राम्रो आउँथ्यो भन्ने लाग्छ । हाम्रा कार्यकर्ता र पार्टी पनि सक्रिय हुन्थ्यो । भखेरै पार्टी गठन भएको थियो, तर हामी चुनावलाई उपयोग गर्नबाट चुक्यौं ।

सुधारका लागि समय लाग्छ

मानिसहरू एकैचोटि व्यवस्था बदल्छौं भनिरहेका छन् । पुराना नेताहरूलाई गाली गरिरहेका छन् । तर, पुराना नेताहरूले जेल बसेर, संघर्ष गरेर ल्याइदिएको वातावरणकै कारण उनीहरूले यसरी बोल्न पाएका हुन् । टुटफुट नेपाली राजनीतिको रोग नै भयो । तर, जनतामा जागरण भएको छ । पार्टीहरूले शोषण गरे भन्ने उनीहरूलाई लागिसक्यो ।

मधेशीहरूले राज्यका निकायमा अरूलाई देख्छन् । त्यसपछि आफूलाई हेर्छन्, अनि उनीहरूलाई लाग्छ कि राज्यमा आफ्नो शोषण भयो । हामीले विगतका आन्दोलनबाट प्राप्त उपलब्धिलाई व्यवस्थित गरेर अघि बढ्नुपर्छ भन्ने लाग्छ ।

प्रजातन्त्रको अवगुण वा कमजोरी भनेकै यसको दुरुपयोग हो । स्वतन्त्रताको आडमा मानिस पुरातनवादी सोचहरूलाई बढावा दिइरहेका छन् । हिन्दु राष्ट्रको कुरा पनि आइरहेको छ । तर, के हिन्दु राष्ट्र हुँदैमा पशुपतिनाथको मिठाई घरघरमा जान्छ र ? सहिष्णु समाज नै हाम्रो पहिचान हो ।

विगतको दाँजोमा जातीय विभेद केही घटेको छ । अन्तरजातीय विवाहका घटना बढेका छन् । परिवारले स्विकार्न थालेको छ । शिक्षाको स्तर बढेको छ । पहिलेभन्दा गरिबी पनि हटेको छ । तथापि, सामाजिक व्यवस्था, विभेद र असमानता जति घट्नुपर्ने थियो, त्यति अझै भइसकेको छैन । जातीय प्रणालीले समाजको रूपरेखा नै खराब गरिदिएको छ । प्रगतिमा यो प्रणाली पनि अवरोध हो । जति कानुन बनाए पनि हामीले मानिसको मनबाट विभेद हटाउन सकेनौं भने अर्थ छैन ।

● प्रस्तुति : **कमलराज भट्ट/अन्वेषण अधिकारी**

पृथ्वीबाट समाप्त हुँदै छ पानी

हिमनदीका हिउँ र बरफको मात्रा सन् २१०० सम्ममा लगभग ४६ प्रतिशतले घट्नेछ

प्रकृति



जर्ज मोनबिओट

यो उपक्रममा एउटा त्रुटि छ । त्रुटि सानो छैन- हाम्रो हिसाबमा यो पृथ्वीजत्रै प्वाल हो । खाद्यान्नको विश्वव्यापी मागअनुरूप सन् २०५० सम्ममा खाद्यबाली उत्पादन कम्तीमा ५० प्रतिशतले वृद्धि हुनुपर्नेछ । सिद्धान्ततः अन्य कुरा परिवर्तन भएनन् भने यसो हुन सम्भव पनि छ । उन्नत बिउबिजन र खेतीको प्रविधिमा भएको सुधार धन्यभागी छ । तर, यसबाहेक, बाँकी सबै कुरा परिवर्तन हुँदै छन् ।

हामीले अखप गर्मीको असर, माटोको क्षयीकरण, आनुवंशिक विविधताको ह्रासले तीव्र पारेको महामारीजस्ता अन्य सबै कुरा पन्छाउँदा पनि अर्को एउटा कारणले विश्वका मानिसलाई खुवाउन पुग्ने गरी खाद्यवस्तुको उत्पादनलाई बाधा गर्न सक्छ । त्यो महत्त्वपूर्ण चिज हो- पानी ।

सन् २०१७ मा प्रकाशित एउटा शोधपत्रले बाली उत्पादनलाई अपेक्षित मागसँग मेल खाने गरी बढाउने हो भने सन् २०५० अर्थात् शताब्दीको मध्यसम्ममा सिँचाइलाई १४६ प्रतिशतले बढाउनुपर्ने हिसाब निकालेको छ । तर, यसमा एउटा समस्या छ । पानीको दोहन पहिले नै उच्चतम बिन्दुमा पुगिसकेको छ ।

अल्प वर्षा, हिमालमा हिउँ घट्दै जाँदा नदीको प्रवाह पनि घट्दै जानु र बढ्दो तापमानको कारण वाष्पीकरणमा वृद्धि र बोटबिरुवाद्वारा हुने वाष्पोत्सर्जनमा पनि वृद्धिका कारण विश्वका सुक्खा भागहरू थप सुक्खा हुँदै गएका छन् । विश्वका थ्रुप्रै प्रमुख क्षेत्रहरू अहिले कडा अनावृष्टि(खडेरी)को खतरामा परेका छन् । तातो र सुक्खा मौसमले माटोबाट डरलाग्दो गतिमा आर्द्रता चुस्छ । अमेरिकाको दक्षिण-पश्चिम क्षेत्रलगायत केही क्षेत्र स्थायी रूपमा नै सुक्खा क्षेत्रमा परिणत भइसकेको आकलन गर्न सकिन्छ, जुन क्षेत्र अहिले खडेरीको २४औं वर्षमा छ । नदीहरू समुद्रसम्म नपुगी बिलाउन लागेका छन् । ताल र जलमण्डलहरू खुम्चिरहेका छन् । ताजा पानीमा बसोवास गर्ने जीव प्रजाति जमिनमा बस्ने प्रजातिको विलोपीकरण लगभग पाँच गुणा बढी दरमा विलुप्त भइरहेका छन् । प्रमुख सहरहरू पानीको चरम संकटमा परेका छन् ।

अहिले विश्वको ताजा पानीको उपयोगको ९० प्रतिशत हिस्सा कृषिक्षेत्रले ओगट्छ । हामीले जमिनबाट यति धेरै पानी निकालिसकेका छौं कि पृथ्वीको गतिलाई नै परिवर्तन गरिसकेका छौं । खाद्यान्नको बढ्दो माग पूरा गर्न आवश्यक पानी हामीसँग छैन ।

सन् २०१७ को त्यो शोधले सबैको छटपटाहट बढाउनुपर्थ्यो । तर, सदाझैं नीति-निर्माता र मिडियाले त्यसलाई बेवास्ता गरे । यो समस्या युरोपमा आएपछि मात्रै हामीले संकट त हो पो रहेछ भनी स्विकार्यौं । क्याटलोनिया र अन्दालुसियामा खडेरीलाई लिएर डर बढेको त छ तर यो विश्वव्यापी समस्याको एउटा उदाहरण मात्र हो । यो समस्या शीर्ष राजनीतिक एजेन्डा हुनुपर्छ भनेर सरकारहरूले स्वीकार गर्न सकेका छैनन् ।



> नदीहरू समुद्रसम्म नपुगी बिलाउन लागेका छन् । ताल र जलमण्डलहरू खुम्चिरहेका छन् । ताजा पानीमा बसोवास गर्ने जीव प्रजाति जमिनमा बस्ने प्रजातिको विलोपीकरण लगभग पाँच गुणा बढी दरमा विलुप्त भइरहेका छन् । प्रमुख सहरहरू पानीको चरम संकटमा परेका छन् ।

खडेरीका कारण स्पेनमा विरोध प्रदर्शन भए पनि त्यो खतरनाक फ्ल्यास प्वाइन्टभन्दा निकै पर छ । सिन्धु नदीको जलाधार क्षेत्रलाई तीनवटा आणविक शक्तिसम्पन्न राष्ट्र भारत, पाकिस्तान र चीनले साझा गर्छन् । अत्यन्त अस्थिर र विवादित यो क्षेत्र पहिलेबाटै भोकमरी र चरम गरिबीले ग्रस्त छ । आज, सुक्खायाममा नदीको ९५ प्रतिशत प्रवाह मुख्यतः सिँचाइमा खर्च हुन्छ । जबकि पाकिस्तान र भारत दुवै देशमा पानीको माग तीव्र गतिमा बढिरहेको छ । हिन्दू कुश क्षेत्र र हिमालयका हिमनदीहरू पग्लेर अस्थायी रूपमा बढेको पानीको आपूर्ति केही समयमै उच्चतम बिन्दुमा पुग्नेछ र त्यसपछि तीव्र गतिमा घट्नेछ । अत्यन्त आशावादी जलवायु परिदृश्यमा पनि, एसियाली हिमनदीहरूबाट पानीको बहाव शताब्दीको मध्यभन्दा पहिले नै उच्चतम बिन्दुमा पुग्ने अनुमान गरिएको छ भने हिमनदीका हिउँ र बरफको मात्रा सन् २१०० सम्ममा लगभग ४६ प्रतिशतले घट्नेछ । केही विश्लेषक भारत र पाकिस्तानबीचको पानीको प्रतिस्पर्धालाई कास्मिरमा बारम्बार हुने द्वन्द्वको प्रमुख कारणका रूपमा लिन्छन् । तर, जबसम्म पानीको घट्दो आपूर्तिलाई ध्यानमा राखेर नयाँ 'सिन्धु जल सन्धि' हुँदैन, तबसम्म यो लडाइँ अझ खराब द्वन्द्वको पृष्ठभूमि मात्र बन्न सक्छ ।

कृषिमा ठूलो परिमाणमा पानी खेर गइरहेको छ, त्यसैले सिँचाइको प्रभावकारिता बढाएर सजिलै यी समस्याको समाधान गर्न सकिन्छ भन्ने विश्वास व्यापक छ । त्यसो हो भने म तपाईंलाई सिँचाइ प्रभावकारिताको विरोधाभासलाई चिनाउन चाहन्छु । राम्रो प्रविधिले निश्चित परिणामको बाली उब्जाउन कम पानी भए पुग्ने सुनिश्चितता गरिरहँदा सिँचाइको लागत पनि सस्तो बन्दै गएको हुन्छ । फलस्वरूप, कृषिले अधिक लगानीलाई आकर्षित गर्नेछ । किसानहरूलाई थप मुनाफादायी बाली र व्यापक क्षेत्रमा विस्तारित हुन प्रोत्साहित गर्नेछ । स्पेनको ग्वादियाना नदीको बेसिनमा यही भयो । त्यहाँ सिँचाइको दक्षता र प्रभावकारिता सुधार गरी पानीको प्रयोग कम गराउन भनेर ६० करोड डलर लगानी गरियो, तर यसले सिँचाइमा पानीको खपत घटाउनुको सट्टा बढाएको छ । तपाईं पानीको कुल र व्यक्तिगत खपत दुवैलाई नियमनमार्फत सीमित गरी यो विरोधाभासबाट छुट्कारा पाउन सक्नुहुन्छ । तर, सरकारहरू प्रविधिमा मात्र भर पर्ने रुचाउँछन् । राजनीतिक र आर्थिक उपायहरू अँगिकार गरे बिना यसले काम गर्दैन । न त अन्य 'टेक्नोफिक्स (प्राविधिक उपाय)'ले यो समस्या समाधान गर्ने सम्भावना छ । सरकारहरूले एक ठाउँबाट अर्को ठाउँमा पानी पुऱ्याउन ठुल्ठूला परियोजना निर्माण गरिरहेका छन् । तर, जलवायु परिवर्तन र पानीको बढ्दो मागले पानीका थुप्रै दातृ क्षेत्रहरूसमेत सुक्खा हुने निश्चित छ । डिसेलिनेसन प्लान्टहरूबाट प्राप्त हुने पानीको लागत सामान्यतया जमिन वा आकाशे पानीको तुलनामा पाँचदेखि १० गुणा बढी हुन्छ । साथै, यो प्रक्रियामा ऊर्जा पनि ठूलो मात्रामा खपत हुन्छ अनि विषाक्त फोहोर पनि निकै ठूलो मात्रामा उत्पन्न गर्छ ।

सबैभन्दा पहिले हामीले हाम्रो आहारमा परिवर्तन गर्न आवश्यक छ । हामीमध्ये जोसँग आहारको छनोट छ (अर्को शब्दमा भन्दा विश्वको जनसंख्याको आधा हिस्सा) उनीहरूले खाद्यवस्तुमा पानीको पदचापलाई कम गर्ने उपाय खोज्नुपर्छ । यसमा जोड दिनुको कारण के भने पानी पशुमुक्त आहारमा जानुपर्ने अर्को कारण हो । पशुमुक्त आहार(शाकाहारी)ले खाने कुराको 'कुल माग' र त्यसमा 'पानीको प्रयोग' दुवैलाई कम गर्न सघाउँछ । दक्षिणपन्थीहरूले 'प्लान्ट-बेस्ड(वनस्पतिमा आधारित)' आहारको विरोध गर्दा बदाम र पेस्ताजस्ता वनस्पतिले खपत गर्ने पानीको परिमाण क्यालिफोर्नियामा सांस्कृतिक युद्धको एउटा प्रमुख विषय बनेको छ । क्यालिफोर्नियामा दुधका लागि पालिने गाईहरूलाई खुवाउन खेती गरिने घाँसको खेतीलाई चाहिनेभन्दा थिनलाई दोब्बर पानी चाहिन्छ । डेरी-दुधले यसको सबैभन्दा खराब विकल्प 'बदामको दुध'ले भन्दा धेरै पानीको माग गर्छ भने जौ वा भटमासको दुधजस्ता उत्तम विकल्पभन्दा त पानीको कता हो कता उच्च खपत गर्छ ।

यसको अर्थ सबैखाले वनस्पतिजन्य उत्पादनको पक्षपोषण गरेको भने होइन । बागवानीले पानीको निकै ठूलो आपूर्तिको माग गर्न सक्छ । वनस्पतिमा आधारित आहारको सवालमा पनि हामीले केही प्रकारका अन्न, तरकारी र फलफूलबाट अरूमा सर्नुपर्छ । सरकार र कडा नियम र विक्रेताहरूले सूचनात्मक लेबलिंगको संयोजनमार्फत हामीलाई मद्दत गर्नुपर्छ । तर, उनीहरूले यसको उल्टो गर्छन् । गत महिना, इयूका कृषि आयुक्त जानुस्ज वोज्सिचोवस्कीको निर्देशनमा युरोपेली आयोगले आफ्नो नयाँ जलवायु योजनाबाट प्रोटिनका 'विविधीकृत' (पशुमुक्त)स्रोतहरूलाई प्रोत्साहित गर्ने आह्वान हटायो । खाद्य तथा कृषि क्षेत्रमा नियामकमाथिको कब्जा अहिले अभूतपूर्व रूपले बलियो छ । हामीमध्ये केहीले राजनीति र मिडियामा यसको सान्दर्भिकताविरुद्ध अन्तहीन पूर्वाग्रहको सामना गर्ने हिम्मत गर्नुपर्नेछ । यो मुद्दा सबैभन्दा धेरै उपेक्षित मुद्दामध्ये एक हो । यस्तो कुनै पनि कुरा यस ग्रहको शान्ति र समृद्धिको लागि घातक हुन सक्छ । हामीले कुनै न कुनै तरिकाले यसमा पुनः ध्यानाकर्षणको उपाय खोज्न आवश्यक छ ।

('गार्जियन'का स्तम्भकार जर्ज मोनबियोटको यो लेख **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन् ।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३ चैत ०८०

अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी गर्न बाटो खुला

विश्वका जुनसुकै मुलुकका पर्यटकले नेपालमा क्युआरबाट भुक्तानी गर्न सक्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

व्यक्तिबाट व्यवसायीमा अर्थात् पर्सन टु मर्चेन्ट (पिटुएम) मोडलमा अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी खुला गरिएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार 'एकीकृत परिपत्र, ०८०' संशोधन गर्दै पिटुएम मोडलमा अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी गर्ने बाटो खुला गरेको हो। पहिलो चरणमा 'क्विइक रेस्पोन्स कोड' (क्युआर कोड)बाट मात्रै भुक्तानी गर्न मिल्ने गरी बाटो खुला गरिएको हो।

राष्ट्र बैंकले परिपत्रमार्फत तोकेको सुविधा दिन आवश्यक तयारी भइरहेको नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले जनाएको छ। नेपाल-भारत अन्तरदेशीय डिजिटल भुक्तानी परीक्षणको काम सकिएपछि औपचारिक रूपमा यस्तो सेवा शुभारम्भ हुने एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले जानकारी दिए। 'नेपाल-भारत अन्तरदेशीय डिजिटल भुक्तानीको प्राविधिक तयारी पूरा भइसकेको छ। अहिले अन्तिम परीक्षण भइरहेको छ,' उनले भने, 'अब छिट्टै यो सेवा शुभारम्भ हुन्छ।'


हाल स्विच र एटिएम कार्डमार्फत अन्तर्राष्ट्रिय कारोबार तथा भुक्तानी भइरहेको छ। एटिएम कार्ड नगदमै आधारित कारोबार हो। स्विच कारोबारलाई डिजिटल मान्ने गरे पनि यो बैंक र भुक्तानी प्रणाली सञ्चालकले प्रयोग गर्ने प्रविधि हो। अब ग्राहक आफैंले कारोबार गर्न मिल्ने गरी पिटुएम मोडलमा अन्तर्राष्ट्रिय क्युआर भुक्तानीका लागि बाटो खुला गरिएको राष्ट्र बैंकका निर्देशक निश्चल अधिकारीले जानकारी दिए।

यसअनुसार विश्वका जुनसुकै देशका नागरिक (विशेष गरी पर्यटक)ले नेपालमा वस्तु तथा सेवा खरिद गर्दा क्युआरमार्फत भुक्तानी गर्न सक्छ। 'नेपाली व्यवसायीले वस्तु तथा सेवा बिक्री गरेबापतको परिवर्त्य विदेशी मुद्रा वाणिज्य तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी विदेशमा जारी भएको क्युआर कोडमार्फत राष्ट्रिय भुक्तानी स्विचका माध्यमबाट स्वीकार गर्न सकिनेछ,' परिपत्रमा भनिएको छ। यो व्यवस्था कार्यान्वयन हुन नेपाल र सम्बन्धित देशको तथा सेवाप्रदायकको भुक्तानी प्रणाली भने अन्तरआबद्ध हुनुपर्छ।

■ पिटुपी मोडलमा नेपाल-भारत डिजिटल कारोबार पनि खुला

शुक्रबार नै जारी परिपत्रमार्फत राष्ट्र बैंकले नेपाल-भारत अन्तरदेशीय डिजिटल भुक्तानी गर्न नीतिगत रूपमा बाटो खुला गरेको छ। अब नेपालका वाणिज्य र राष्ट्रियस्तरको विकास बैंकमा भएको खाताबाट भारतीय बैंकको खातामा र भारतीय बैंकको खाताबाट नेपालका वाणिज्य र राष्ट्रियस्तरको विकास बैंकको खातामा डिजिटल माध्यमबाट व्यक्तिगत खातामै भुक्तानी गर्न सकिनेछ।

फोनपेले भारतीय नागरिकबाट नेपालको मर्चेन्ट खातामा भुक्तानी गर्न सकिने सुविधा १६ फागुनबाटै सुरु गरेको छ। गत जेठमा सम्पन्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा क्रसबोर्डर डिजिटल भुक्तानीसम्बन्धी समझदारी भएको थियो। सोहीअन्तर्गत यस्तो व्यवस्था गरिएको हो। यद्यपि, पहिलो चरणमा यसको सेवाको दायरा सीमित रहेको छ।





राष्ट्र बैंकका निर्देशक निश्चल अधिकारी भन्छन्–

हाल स्विच र एटिएम कार्डमार्फत अन्तर्राष्ट्रिय कारोबार तथा भुक्तानी भइरहेको छ। एटिएम कार्ड नगदमै आधारित कारोबार हो। स्विच कारोबारलाई डिजिटल मान्ने गरे पनि यो बैंक र भुक्तानी प्रणाली सञ्चालकले प्रयोग गर्ने प्रविधि हो। अब ग्राहक आफैंले कारोबार गर्न मिल्ने गरी पिटुएम मोडलमा अन्तर्राष्ट्रिय क्युआर भुक्तानीका लागि बाटो खुला गरिएको छ।

परिपत्रअनुसार अब भारतमा कार्यरत नेपालीले मोबाइल बैंकिङ तथा क्युआरलगायत माध्यमबाट नेपालमा रेमिट्यान्स पठाउन सक्नेछन्। नेपाली नागरिकले भारतीय बैंकमा खोलेको खातामा आबद्ध इ-बैंकिङ, मोबाइल बैंकिङ, क्युआर कोडमार्फत यहाँको वाणिज्य तथा राष्ट्रियस्तरका विकास बैंकमा भएको व्यक्तिगत खातामा रेमिट्यान्स पठाउन सक्नेछन्। राष्ट्र बैंकका अनुसार यसमा कारोबारको सीमालगायत सर्त भने भारतले नै निर्धारण गर्नेछ।

■ भारतीय कामदारले पैसा पठाउन पाउने, मासिक सीमा एक लाख भारु

नेपालबाट भारतमा डिजिटल भुक्तानी गर्ने मामिलामा पहिलो चरणमा नेपालमा कार्यरत भारतीय नागरिकलाई मात्रै खुला गरिएको छ। परिपत्रअनुसार नेपालमा कार्यरत भारतीय नागरिकले यहाँको वाणिज्य तथा राष्ट्रियस्तर का विकास बैंक भएको खाताबाट इ-बैंकिङ, अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ र क्युआरमार्फत भारतीय बैंकमा पैसा पठाउन सक्नेछन्। त्यसका लागि दैनिक १५ हजार भारु र मासिक एक लाख भारुको सीमा तोकिएको छ। उनीहरूले पारिश्रमिकबापत सोबराबरको रकम पठाउन सक्नेछन्। तर, यस्तो कारोबारको विदेशी मुद्रा सटही सुविधामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले निश्चित सीमा तोकेर व्यवस्था मिलाउनुपर्ने राष्ट्र बैंकको भनाइ छ। निर्देशक अधिकारीले नेपालीलाई यो सुविधा खुला नगरेको जानकारी दिए।

६२ जिल्लामा झन्डै दुई करोडको अन्तरदेशीय क्युआर भुक्तानी

काठमाडौं/ नेपाल-भारतबीच अन्तरदेशीय (सीमापार) क्युआर भुक्तानी सुरु भएको १४ दिनमा एक करोड २० लाख भारुबराबरको कारोबार भएको छ।

नेपालको फोनपे पेमेन्ट सर्भिस लिमिटेड र भारतको पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (युपिसिआई)ले १६ फागुनदेखि युनिफाइड पेमेन्ट इन्टरफेस (युपिआई)मार्फत सीमापार क्युआर भुक्तानी सुरु गरेका हुन्। अहिले पहिलो चरणमा भारतको फोनपे (भीम) एपबाट नेपालको फोनपेमा क्युआर स्क्यान गरी भुक्तानी गर्न सकिन्छ। त्यो सेवा सुरु भएको १४ दिनमा एक करोड २० लाख भारु अर्थात् एक करोड ९२ लाखबराबरको कारोबार भएको फोनपेबाट प्राप्त तथ्यांकले देखाएको छ। फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटाले १४ दिन (१६ देखि २९ फागुनसम्म)मा एक करोड २० लाख भारुबराबरको कारोबार भएको जानकारी दिए। संख्याका आधारमा ६ हजार पाँच सय हारहारीको कारोबार भएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

■ दुई हप्तामा भारतीय बैंक खाताबाट नेपालमा भएको क्युआर भुक्तानी

शीर्षक	रकम-संख्या
कारोबार रकम	१.९२ करोड
कारोबार भएका जिल्ला	६२
कारोबार संख्या	६५००
रकम प्राप्त गरेका फोनपे खाता	२२०३
आबद्ध बैंक	११
आबद्ध वालेट	२

'अहिले दैनिक औसतमा पाँच सय ५० वटा कारोबार भएको छ। रकमका आधारमा दैनिक औसत १३ लाख भारुबराबरको कारोबार भएको छ,' उनले भने, 'मुख्यतः नेपाल आउने भारतीय पर्यटकले यस्तो भुक्तानी गरेको देखिन्छ। साथै, कतिपयले ट्रायल (परीक्षण)स्वरूप पनि यस्तो कारोबार गरेका हुन सक्छन्। यसरबारे विस्तृत अध्ययन भएको भने छैन।' नेपाल र भारतबीच सुरु भएको यो पहिलो अन्तरदेशीय डिजिटल कारोबार हो। यद्यपि, यसका सेवा सीमित छन्। भारतका व्यक्तिले नेपालको मर्चेन्ट (व्यवसायी)लाई मात्रै क्युआरमार्फत भुक्तानी गर्न मिल्ने गरी 'पर्सन टु मर्चेन्ट' (पिटुएम) मोडलमा यो अघि बढाइएको छ। सबै प्रकृतिको अन्तरदेशीय डिजिटल भुक्तानी खुला गर्ने विषयमा राष्ट्र बैंकले छुट्टै काम गर्दै छ।

■ 'गुगल-पे'बाट पनि भुक्तानी

विश्वका अधिकांश देशमा सेवा विस्तार गरिसकेको गुगल-पेबाट पनि फोनपेको क्यूआर स्कान गरि भुक्तानी गर्न मिल्ने भएको छ। गुगल पे अमेरिकाको भुक्तानी सेवा प्रदायक हो। त्यसको खाता भएका भारतीयले फोन पेको क्यूआर स्कान गरि भुक्तानी गर्न सक्ने व्यवस्था गरेको सीईओ सापकोटाले बताए।

१४ दिनमा नेपालका ६२ जिल्लामा अन्तरदेशीय क्युआर भुक्तानी कारोबार भएको छ। त्यसमा काठमाडौं र कास्की (पोखरा) जिल्लामा धेरै कारोबार भएको फोनपेले बताएको छ। यसबाहेक सीमा क्षेत्रसँग जोडिएका तराईका जिल्लामा कारोबार संख्या धेरै देखिएको छ। 'काठमाडौं, पोखरा र नेपाल-भारत सीमा क्षेत्रलाई नै लक्षित गरेर यो सेवा सुरु गरेको हो। सोही क्षेत्रमै बढी कारोबार भएको देखिएको छ,' उनले भने।

फोनपेमा आबद्ध दुई हजार दुई सय तीनवटा खाता (मर्चेन्ट)मा भारतीय खाताबाट रकम प्राप्त भएको छ। हाल नेपालमा १३ लाख मर्चेन्ट खाता छन्। त्यसमा झन्डै ७० प्रतिशत खाता अन्तरदेशीय क्युआर भुक्तानीमा आबद्ध भइसकेका छन्। हालसम्म ११ बैंक र दुई वालेट यो सेवामा आबद्ध भएका छन्। माछापुच्छ्रे, एनआइसी एसिया, एनएमबि, एभरेष्ट, राष्ट्रिय वाणिज्य, सिटिजन्स, कुमारी, लक्ष्मी, नबिल, नेपाल इन्भेष्टमेन्ट मेगा र नेपाल बैंक यसमा आबद्ध भएका छन्।

पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य घट्यो

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य घटाएको छ। निगमले शुक्रबार सूचना जारी गर्दै मध्यरात १२ बजोपछि लागू हुने गरी मूल्य घटाएको हो।

पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँ र डिजेल तथा मट्टीतेलको मूल्य प्रतिलिटर दुई रुपैयाँ घटाइएको छ।

इन्डियन आयल कर्पोरेसनले शुक्रबार पेट्रोलको मूल्य १.२२ र डिजेलको मूल्य २.०६ रुपैयाँले घटाएर नयाँ सूची पठाएको थियो।

यसअघि पेट्रोल मूल्य वर्गअनुसार प्रतिलिटर १६९.५० देखि १७२ रुपैयाँसम्म थियो। अब भने १६८.५० देखि १७१ रुपैयाँसम्ममा पेट्रोल खरिद-बिक्री हुनेछ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जुम्लाबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसे सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिकी गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१. ऋणी: न्यू हिमाल खुद्रा पसल दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, जुम्ला प्रा.फा.र.नं. १३१६/२०७१/०७२, दर्ता मितिः २०७१/०४/२८ पान : ६०२३१३२६९ ठेगाना : चन्दननाथ न.पा., वडा नं.-०७, जुम्ला **प्रोप्राइटर/जमानीकर्ताको नाम :** **सन्त राम बोहरा क्षेत्री** बाबुको नाम : शिबलाल बोहरा क्षेत्री बाजेको नाम : राम दल बोहरा क्षेत्री ठेगाना : रारालिही-५, जुम्ला हाल : चन्दननाथ-७ जुम्ला ना.प्र.न, १०४/४८२ जारी गर्ने कार्यालय : जि.प्र.का, जुम्ला **कर्जा शीर्षक : व्यापार आवधिक कर्जा** **शाखा कार्यालय : जुम्ला** **जमानीकर्ताको विवरण** **क) नाम : नन्दा देवी बोहोरा** बाबुको नामः लक्ष्मी प्रसाद अधिकारी पतिको नाम : सन्तराम बोहरा ससुराको नामः शिबलाल बोहरा क्षेत्री ठेगाना : रारालिही-५, जुम्ला हाल : चन्दननाथ-७ जुम्ला ना.प्र.न. ६०५९५२/३५३३, जारी मितिः २०५३/१२/०३ जारी गर्ने कार्यालय : जि.प्र.का, जुम्ला	**ख) नाम : हिमाल बोहोरा** बाबुको नाम : सन्तराम बोहरा बाजेको नाम : शिबलाल बोहरा क्षेत्री ठेगानाः रारालिही-५, जुम्ला हालः चन्दननाथ-७, जुम्ला ना.प्र.न. ११६, जारी मितिः २०६५/०९/०१ जारी गर्ने कार्यालयः जि.प्र.का, सुर्खेत **ग) नाम: नेत्रा कुमारी खड्का (बोहोरा)** बाबुको नामः नर बहादुर खड्का पतिको नाम : हिमाल बोहोरा ससुराको नाम : सन्तराम बोहरा क्षेत्री ठेगाना : रारालिही-५, जुम्ला ना.प्र.न. ६०/५७६, जारी मितिः २०७०/०६/२० जारी गर्ने कार्यालय : जि.प्र.का, जुम्ला **घ) नाम : केशव बोहोरा** बाबुको नाम : सन्तराम बोहरा बाजेको नाम : शिबलाल बोहरा क्षेत्री ठेगाना : तिला-२, जुम्ला हालः चन्दननाथ-७, जुम्ला, ना.प्र.न. ६०-५३५, जारी मितिः २०६९/०३/२१ जारी गर्ने कार्यालय : जि.प्र.का, जुम्ला

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय जुम्लामा श्री सन्तराम बोहरा क्षेत्रीको नाममा दर्ता कायम रहेको जिल्ला जुम्ला महत-१(घ) स्थित कि.न. ६७६ को क्षेत्रफल १९० व.मी. को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

■ लघुवित्त संघर्ष समिति र सरकारबीच ६ बुँदे सहमति

ऋण मिनाहाको माग अध्ययन गर्न कार्यदल

पवन तिमिल्सिना/नयाँ पत्रिका

विभिन्न कारणले ऋण तिर्न नसक्ने अवस्थामा पुगेका लघुवित्त वित्तीय संस्थाका ऋणीहरूको पहिचान गर्न सरकारले कार्यदल गठन गरेको छ। अर्थमन्त्री वर्षमान पुनले शुक्रबार साँझ नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको नेतृत्वमा सात सदस्यीय समिति गठन गरेका हुन्। समितिमा राष्ट्र बैंकको लघुवित्त क्षेत्र हेर्ने, कार्यकारी निर्देशक रेवती नेपाल, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र हेर्ने सहसचिव नारायण रिसाल र सोही क्षेत्र हेर्ने उपसचिव सदस्य छन्।

यस्तै, कार्यदलमा लघुवित्त विरोधी संघर्ष समितिका तर्फबाट पुनाराम (मनिराम) ज्ञवाली, क्षेत्रबहादुर मोक्तान र लुजा राई रहेका छन्। कार्यदल संयोजकको नाम भने डेपुटी गभर्नरमध्येबाट राष्ट्र बैंकले तोक्ने मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिए। कार्यदललाई लघुवित्तका समस्या निर्धारण गरी ६० दिनभित्र प्रतिवेदन बुझाउन कार्यादेश तोकिएको छ। शुक्रबार दिउँसो आन्दोलनरत लघुवित्त संघर्ष समिति र सरकारी वार्ताटोलीबीच ६ बुँदे सहमति भएको थियो। यो सहमतिसँगै संघर्ष समितिका तर्फबाट आन्दोलनका कार्यक्रम स्थगन भएका छन्।

लघुवित्त वित्तीय संस्थामा किस्ता बुझाउन नसक्ने ऋणीहरूको साँवा, ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनर्स्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपांग, दीर्घरोगी) वास्तविक पीडितको कर्जा मिनाहालगायत विषयलाई सम्बोधन गर्नुपर्ने माग छ। यही बुँदालाई सरकारले सम्बोधन गर्ने भएकाले आन्दोलन स्थगित गरिएको संघर्ष समितिका अध्यक्ष मनिराम ज्ञवालीले बताए। उनले भने, 'हाम्रो २६ महिने आन्दोलनमा यस्तो किसिमको सहमति भएको पहिलोपटक हो। यो सहमति नै हाम्रा लागि आशा जगाउने कारण बनेको छ।' सहमतिअनुसार काम नभएमा आन्दोलन अझ कडा रूपमा जाने उनले चेतावनी दिए।

सहमतिपत्रमा आन्दोलनरत पक्षको तर्फबाट केन्द्रीय अध्यक्ष तथा वार्ताटोली संयोजक पुनाराम (मनिराम) ज्ञवाली र सरकारी वार्ता टोलीको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव नारायणप्रसाद रिसालले हस्ताक्षर गरेका छन्। 'आन्दोलनरत पक्षबाट एकल अंक ब्याजदर तथा १ प्रतिशत सेवा शुल्क कायम गर्न माग भएको सन्दर्भमा त्यस्तो ब्याजदर तथा सेवा शुल्क कम गरी समयानुकूल बनाउन अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका साथै लघुवित्त वित्तीय संस्थामा गरिने बचतको ब्याजदर र कर्जाको ब्याजदरको अन्तर कम गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न अर्थ मन्त्रालयमार्फत नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने,' सहमतिपत्रमा भनिएको छ।

यस्ता छन् सहमतिमा बुँदा

- **लघुवित्तलाई सेवामुखी बनाउन अध्ययन गर्ने**
- **कानुनी तथा नीतिगत प्रावधान र राष्ट्र बैंकको निर्देशन पालना नगर्ने लघुवित्त वित्तीय संस्थालाई कारबाहीको दायरामा ल्याउने**
- **लघुवित्त वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा ऋणीलाई वित्तीय साक्षरता तथा सचेतना गराउने**
- **ब्याजदर तथा सेवा शुल्क कम गरी समयानुकूल बनाउन अध्ययन गर्ने। बचतको ब्याजदर र कर्जाको ब्याजदरको अन्तर कम गर्ने सम्बन्धमा अध्ययन गर्ने**
- **०७२ सालको विनाशकारी भूकम्प, नाकाबन्दी तथा कोभिड–१९ को समस्या एवं लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह एवं असुली गर्दा पालना गर्नुपर्ने कार्यविधि तथा निर्देशनविपरीत कार्य गरेको कारणले समयमा किस्ता बुझाउन नसक्ने ऋणीको साँवा, ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनर्स्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपांग, दीर्घरोगी) वास्तविक पीडितको कर्जा मिनाहा माग सम्बोधन गर्न स्थलगत अध्ययन गर्न सम्बन्धित क्षेत्रका विज्ञ र आन्दोलनरत पक्षका तीनजना प्रतिनिधिसमेतको सहभागितामा कार्यदल गठन गर्ने**
- **आन्दोलनरत संघर्ष समितिको तर्फबाट आन्दोलनका कार्यक्रम स्थगन गर्ने**

■ अधिकांश मागको अध्ययन गर्ने सहमति

संघर्षरत पक्षका अधिकांश मागमा अध्ययन गरेर मात्रै अघि बढ्नेमा सरकारले सहमति जनाएको छ। लघुवित्त वित्तीय संस्थालाई गैरनाफामूलक एवं सेवामूलक बनाउन अध्ययन गर्ने सहमतिमा उल्लेख छ। त्यस्तै, लघुवित्त वित्तीय संस्थाहरू कम्पनी कानुनबमोजिम दर्ता भई सञ्चालनमा रहेका कारण सेवामुखीभन्दा नाफामुखीका रूपमा विकास भएको र तिनीहरूलाई सेवामुखी बनाउन नीतिगत एवं कानुनी व्यवस्था गर्न सहमति भएको छ। राष्ट्र बैंकको निर्देशनबमोजिम लघुवित्त वित्तीय संस्थाले ऋणीसँग लिन पाउने तोकिएको अधिकतम ब्याजदर र सेवा शुल्क मात्र लिन पाउने व्यवस्था कडाइका साथ लागू गर्ने सहमतिमा उल्लेख छ।

त्यस्तै, तोकिएको कर्जा सीमाभन्दा बढी सामूहिक कर्जा दिन नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र यसको उल्लंघन गर्ने वा गरेका संस्थालाई कानुनबमोजिम हदैसम्मको कारबाही गर्ने पनि भनिएको छ। एकजना ऋणीले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट ऋण लिन र दिन नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने भनिएको छ।

ऋण लिँदाकै बखत ऋणीको अनुमतिविना वा ऋणीलाई प्रभावमा पारी निश्चित प्रतिशत रकम कट्टा गरी बचत खातामा जम्मा गर्न लगाउने, ऋण लगानी गर्दाकै समयमा किस्ताबापतको रकम अग्रिम जम्मा गर्न लगाउनेजस्ता कार्यलाई नियन्त्रण गर्ने सहमति भएको छ। कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचनाको सम्बन्धमा राष्ट्र बैंकको निर्देशनविपरीत कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई कानुनबमोजिम कारबाही गर्ने उल्लेख छ।


■ दैलेखमा पेट्रोल अन्वेषण

भन्सारमा रोकिएका ३० ट्रक दैलेख आउँदै

दैलेखमा **विष्णु शर्मा**

दैलेखको पेट्रोलियम पदार्थ अन्वेषणको अन्तिम कार्यका लागि नेपालगन्जको रुपैडिया भन्सार नाकामा रोकिएका ३० वटा ट्रक दैलेख आउने तयारीमा छन्।

अर्थ मन्त्रालयले भन्सार छुट पत्रमा खानी तथा भूगर्भ विभागकै नाम उल्लेख गरेर अनुमति प्रदान गरेपछि ट्रक आउने बाटो खुलेको हो। बुधबार अर्थ मन्त्रालयले निर्णय गरेसँगै अब अन्य प्रक्रिया सुरु भएको छ। अर्थबाट भन्सारमा पत्र जाने क्रम जारी भएकाले एक-दुई दिनमा रुपैडिया नाकामा रोकिएका उपकरणसहितका ट्रक दैलेखका लागि हिँड्ने खानी तथा भूगर्भ विभागका प्रमुख दिनेशकुमार नापितले बताए।



दैलेखको पेट्रोलियम अन्तिम अन्वेषण कार्यका लागि कोलकातामा ६० वटा ट्रक आइसकेका छन् भने नेपालगन्जस्थित रुपैडिया नाकामा ३० वटा ट्रक आइपुगेका छन्।

अन्तिम अन्वेषणका लागि करिब चार किलोमिटरमुनिसम्म ड्रिलिङ गर्न बन्दोबस्तीका सामान, मेसिन औजार, उपकरणलगायत दुई सयभन्दा बढी ट्रक दैलेख आउने तयारीमा रहेको खानी तथा भूगर्भ विभागका अन्वेषण अधिकृत दिनेशकुमार त्रिपाठीले जानकारी दिए।

जिल्लामा सामान आउने रुटहरूको सफाइ गर्ने, मोड नमिलेका स्थानमा मोड मिलाउनेलगायत अधिकांश काम सम्पन्न भइसकेको दैलेखका प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए।

चीनको जिओलोजिकल सर्भे कम्पनीको नाममा भन्सार छुट पत्र तयार गरिएको भए पनि उक्त पत्रमा नेपाल सरकार खानी तथा भूगर्भ विभागकै नाम समावेश गर्नुपर्ने भन्दै अर्थ मन्त्रालयमा डेढ महिनाअघि नै पत्र पठाइएको थियो। अर्थ मन्त्रालयले निर्णय गरेसँगै अब अन्तिम अन्वेषणको काम सुरु हुने भएको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.इ.न. १७/०६९/०७०
शनिबार ३ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

आधा घण्टाको अन्तरमा देशलाई दोहोरो स्वर्ण दिलाएका मन्डेकाजी



मन्डेकाजी श्रेष्ठ नेपाली कराँतेका भर्सटाइल खेलाडी हुन्। साढे दुई दशक कराँतेमा सक्रिय उनले १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगितामा एकै दिन दुई स्वर्ण जितेका थिए। साग इतिहासमै एकै संस्करणमा दुई स्वर्ण जित्ने उनी नै पहिलो नेपाली खेलाडी हुन्। सन् २००६ को कोलम्बो सागमा धावक राजेन्द्र भण्डारीले दोहोरो स्वर्ण जितेका थिए। तर, उनको स्वर्णले मान्यता पाएन। सन् २०१९ मा काठमाडौंमै भएको १२३औँ सागमा श्रेष्ठले एकल काता र टिम कातामा स्वर्ण हात पारेका थिए। त्यो पनि केवल आधा घण्टाको अन्तरमा। त्यस सागमा नेपालले ऐतिहासिक प्रदर्शन गरी ५० स्वर्ण जितेको थियो। त्यसमा पनि श्रेष्ठले नेपालका लागि पहिलो स्वर्ण दिलाए। साग र कराँतेमा नेपालका लागि ऐतिहासिक प्रदर्शन गरेका उनले नयाँ पत्रिकाका **रमेश सुवेदी**सँग दोहोरो स्वर्ण पदक जिताउँदाका क्षण यसरी सम्झिए :

राज्यले खेलाडीका लागि वर्षौंदेखि लगानी गरेको हुन्छ। राज्यले खेलाडीबाट पक्कै पनि ठूलो आशा राखेको हुन्छ। राज्यको चाहना नै आफूले लगानी गरेको खेलाडीले अन्तर्राष्ट्रिय खेल जगत्मा उत्कृष्ट प्रदर्शन गरोस् भन्ने हो। यसमा खेलाडीको पनि उत्तिकै मिहिनेत रहेको हुन्छ। यही तालमेलकै कारण खेलाडीले सफलताको सिँढी चढ्छजस्तो लाग्छ। सन्दर्भ सन् २०१९ मा काठमाडौंमै भएको १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)को हो। सागका लागि पहिलो चरणमा एक सय २० खेलाडी प्रशिक्षणमा थिए। दोस्रोमा फाइनल चरणको छनोट भएको थियो। यसै दोसो चरण पार गरेका खेलाडीले सागमा स्थान बनाए। कराँतेमा हाम्रो हरेक तौल समूहमा समान चार खेलाडीलाई क्लोज क्याम्पमा राखिएको थियो। हरेक तौल समूहबाट एक-एकजना खेलाडी अन्तिममा छनोट भए।

मलाई अहिले पनि सम्झना छ। १९औँ सागमा कराँतेमा फेयर छनोट भएको थियो। सबैलाई थाहा भएकै कुरा हो। कराँतेको छनोट हुने वेलामा अक्सर विवाद आउने गर्थ्यो। तर, सागको खेलाडी छनोटमा कुनै किसिमको विवाद आएन। सम्भवतः अन्तर्राष्ट्रिय अफिसियलहरूबाट छनोट प्रक्रिया भएको हुँदा इमानदार र सच्चा खेलाडीले नै साग खेल्ने अन्तिम टोलीमा स्थान बनाए। त्यसवेला कहींबाट पनि सेटिङ हुन पाएन। नत्र भने राष्ट्रिय टोलीमा खेलाडी समावेश गराउन ठूलो चलखेल हुने गर्छ। निष्पक्ष रूपबाट आएका खेलाडीले सागमा राम्रो नतिजा निकाले। कराँतेबाट आशा गरेअनुसारै पदक आयो। सागको तयारीका लागि हामीले नेपालमै प्रशिक्षण गरेका थियौं। यसक्रममा अन्तर्राष्ट्रिय कराँतेमा सहभागी हुने मौका हामी सबै खेलाडीले पायौं।

नेपालको पहिलो स्वर्ण नै कराँतेबाट रह्यो

१३औँ साग सुरु हुनुअघि नै भलिबललगायत टिम खेल सुरु भइसकेका थिए। कराँतेको इभेन्ट उद्घाटनको दोस्रो दिन मात्रै थियो। हामी कराँतेका सबै खेलाडी तथा अफिसियल पुल्चोकको हिमालयन होटेलमा बसेका थियौं। हाम्रो खेल सातदोबाटोको कराँते हलमा थियो। होटेलदेखि कराँते हुने हलसम्म कडा सुरक्षाबीच हामीलाई पुऱ्याइएको थियो। कराँतेको पहिलो दिन एकल काताको खेलतालिका थियो। यसमा पनि कुमुतेको फाइट समावेश थियो। पहिलो दिन महिला काता भयो। अञ्चला दनुवारले नेपाललाई रजत पदक दिलाइन्। अञ्चलाको खेलपछि मेरो पालो थियो। देशका लागि पहिलोपटक पदक जिताउने हरेकले सपना बोकेका हुन्छन्। संयोगवश मैले कराँतेलाई पहिलो स्वर्ण दिलाएँ। मैले हात पारेको पदकसँगै नेपालले पदक तालिकामा स्वर्ण संख्या चढायो। म स्वर्ण जित्दाको क्षणमा निकै खुसी भएको थिएँ। तर, मलाई थाहा थिएन कि मैले जितेको स्वर्ण समग्रमा १३औँ सागमा नेपालकै पहिलो थियो। यद्यपि, दोस्रो दिन पनि पदक सम्भावित खेलहरू भइरहेका थिए। तर, अन्य खेलबाट स्वर्ण नआउँदा मैले एकल कातामा जितेको पदक नै देशकै पहिलो स्वर्ण बन्न पुग्यो।

> कराँतेमा मात्रै नभएर देशकै लागि एकै प्रतियोगितामा दुई स्वर्ण जित्ने म नै पहिलो भएँ। मपछि मात्र १३औँ सागमा तेक्वान्दोकी आयशा शाक्य र पौडीकी गौरिका सिंहले दोहोरो स्वर्ण जितेका हुन्।

आधा घण्टापछि नै अर्को स्वर्ण थपें

व्यक्तिगत रूपमा सागको इतिहासमै मैले पहिलो स्वर्ण जित्दा खुसी भएको थिएँ। त्यो र अहिले पनि पहिलो स्वर्ण जित्दाको क्षण राम्रोसँग बताउन सक्दिनँ। पहिलो स्वर्ण जित्दाको माहोलाबीच नै दोस्रो खेलका लागि तयारी गर्नुपर्ने थियो। दोस्रो खेल ठ्याक्कै आधा घण्टापछि थियो। यही छोटो समयबीच नै तयारी गर्नुपर्ने थियो। सागको इतिहासमा धावक राजेन्द्र भण्डारीले सन् २००६ को कोलम्बो सागमा दोहोरो स्वर्णपदक जित्नुभएको थियो। तर, उहाँको स्वर्णले मान्यता प्राप्त भएन। मैले १३औँ सागमा दोहोरो स्वर्ण जित्नुअगाडिसम्म अन्य नेपाली खेलाडीले यो सफलता प्राप्त गरेका थिएनन्। त्यतिवेला पनि मेरो सपना अब एकै दिन लगातार दुई स्वर्ण जित्दै इतिहास बनाउनुपर्छ भन्ने थियो।

म देशका लागि अर्को स्वर्ण पदक जिताएरै छाड्छु भन्ने संकल्पका साथ एरिनामा गएँ। दोस्रो खेलको इभेन्टको नाम टिम काता थियो। यसमा मलाई महसुस तामाङ र प्रबिन महर्जनले साथ दिएका थिए। खेलअगाडि भाइहरू (महसुस र प्रबिन)लाई कसरी प्रदर्शन गर्नुपर्छ, कहाँ-कहाँ सजक भएर खेल्नुपर्छ भन्ने पक्ष सिकाएको थिएँ। मैले उनीहरूलाई केवल मलाई मात्र फलो गर्नु भनेको थिएँ। मैले जे गर्छु, त्यही भए नतिजा आउँछ भनेँ। काता र बुन्काईमा हाम्रो प्रयास निकै राम्रो भयो। नेपालले बंगलादेश र श्रीलंकालाई नै हराएर स्वर्ण पदक जित्यो। स्वर्ण जितेसँगै मैले कराँतेको इतिहासमा आफ्नो नाम लेखाएँ। एकै संस्करणमा दुई स्वर्ण जित्ने म पहिलो खेलाडी बनें।

अझ कराँतेमा मात्रै नभएर देशकै लागि एकै प्रतियोगितामा दुई स्वर्ण जित्ने म नै पहिलो भएँ। मपछि मात्र १३औँ सागमा तेक्वान्दोकी आयशा शाक्य र पौडीकी गौरिका सिंहले दोहोरो स्वर्ण जितेका हुन्।

साफको बदला सागमा

१३औँ साग हुनु केही साताअघि बंगलादेशमा दक्षिण एसियाली महासंघीय खेलकुद (साफ) कराँते च्याम्पियनसिप आयोजना भएको थियो। म त्यहाँ एकल कातामा पराजित भएको थिएँ। बंगलादेशका मोहम्मद हासिन्कसँग पराजित हुँदा म कांस्य पदकमै सीमित भएँ। मलाई हराउने मोहम्मद हासिन्कले स्वर्ण पदक जित्यो। श्रीलंका दोस्रो भएको थियो। तर, यही बंगलादेशमा भएको प्रतियोगितामा मैले टिम कातामा स्वर्ण हात पारेको थिएँ। १५-२० दिनपछि नै नेपालमा १३औँ साग आयोजना भयो। मसँग इख थियो, मेरा सबै कमजोरी सुधार गर्दै घरमै आयोजना हुने सागमा स्वर्ण पदक जित्ने। टाइसिटमा मेरो प्रतिस्पर्धी नै मलाई हराएका बंगाली खेलाडी परे। सेमिफाइनलमा मैले उनलाई हराएँ। मोहम्मद हासिन्कले २२.८ अंक जोड्दा मैले २४.० अंक जोडें। स्वर्ण पदक भिडन्तमा पाकिस्तानी नियामतुल्लाहलाई हराउँदै स्वर्ण पदक जितें। फाइनलमा मैले २५.७२ र पाकिस्तानी खेलाडीले मात्र २४.९२ अंक प्राप्त गरेका थियौं। नेपालले साग इतिहासमा कातामा स्वर्ण जितेको दुई दशकपछि नै थियो। त्यसअघि सन् १९९९ मा काठमाडौंमै भएको आठौं साफमा गुरु गंगाराम महर्जनले कातामा स्वर्ण जित्नुभएको थियो।

मैले पहिलो स्वर्ण पदक जितेर हो वा के भएर हो, एकै संस्करणमा दुई स्वर्ण जित्ने कीर्तिमानी खेलाडी बनेपछि सबै मिडिया र पदाधिकारी मकहाँ झुम्मिएका थिए। भेट्ने र फोटो खिच्नेको लाइन नै लाग्यो। मिडियाकै कारण आज सर्वत्र चर्चा छ। भोलिपल्ट पत्रिका हेर्दा धेरै पत्रिकामा मेरो फोटो फ्रन्ट पेजमै थियो। त्यो देख्दा म भने खुसी भएँ।

२७ वर्षको त्याग...

मैले टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेरेर कराँते सिकेको हुँ। त्यसैले यो क्षण कहिले पनि बिर्सन्न सक्दिनँ। पहिलोपटक सागमा स्वर्ण पदक जित्दा भावुक भएँ। कराँते खेलमा २७ वर्ष गरेको मिहिनेत सबै बिर्सिएँ। लगभग साढे दुई दशकको करिअरमा मैले धेरै आरोह-अवरोह सामना गरें। कहिलेकाहीं अन्तिम छनोटमा परे पनि बाहिरिएको थिएँ। राजनीतिको सिकार हुनु र क्लोज क्याम्पबाट आउट हुनु सामान्यजस्तै थियो। म १०औँ र ११औँ सागमा अन्तिममा पुगेर बाहिर भएँ। १०औँमा रेफ्रीको निर्णयको सिकार हुन पुगें। ०५७/०५८ सालमा मध्यमाञ्चलबाट खेल्न सुरु गरें। मध्यमाञ्चलबाट खेल्दा आर्मीविरुद्ध रेफ्रीको निर्णयले हार व्यहोर्नुपरेको थियो।


आवेशमा पुरेन्द्रविक्रम लाखेको फोटो जलाएपछि एक वर्ष निलम्बनमा परें। हामी राष्ट्रिय च्याम्पियन हुँदा पनि दोस्रो रोजाइका खेलाडीले अवसर पाए। यद्यपि, यस्तो वातावरणबीच पनि मैले देशका लागि केही गर्नुपर्छ र पदक जित्नुपर्छ भनेर खेलिरहें। ६३ सालमा मध्यमाञ्चलबाट पुलिस प्रवेश गरेको थिएँ। अनि राष्ट्रिय टोलीमा छनोट भएपछि मात्र वैदेशिक प्रशिक्षणमा परें।

नेपालबाट दीपक श्रेष्ठ गुरुलाई फोन आयो। हाम्रो काता इभेन्टमा १५ मध्ये १० मात्रै खेल्ने भनेपछि म रुँदै थाइल्यान्डबाट फर्किएँ। त्यही समयमा चीनको गोन्जाओमा लैजाने भनी म झुटो आश्वासनमा परें। मन्त्रालय र परिषद्का सदस्यसचिव (हरिबहादुर चौधरी)ले झुक्याए। एसियन गेम्समा पठाउँछौं भने पनि मलाई पठाएनन्। त्यसपछि कराँते छाड्ने निर्णयमा समेत पुगें।

१०औँ, ११औँ र १२औँ साग नै खेल्न नपाउँदा आफूभन्दा जुनियरहरू पनि सँगै खेल्ने भइसकेका थिए। उनीहरूले साग खेलिसकेको र आफूले खेल्न नपाउँदा सन्न्यास लिने सोच बनाएको थिएँ। तर, घरपरिवारले सहयोग गरे। १२औँ सागमा पनि भारतमा कराँतेको विवादले प्रतियोगितामा यो खेल नै समावेश भएन। पुलिसमा जागिर पनि खान्न बरु व्यापार गर्छु भन्ने थियो। तर, सबैले पदक नजितेसम्म खेल्न सुझाव दिए।

■ खेलकुदमन्त्रीलाई सांसदको प्रश्न

दशरथ रंगशालामा विश्वकप छनोट किन हुन सकेन ?



फाइल तस्बिर

काठमाडौं/ फिफा विश्वकप २०२६ छनोटअन्तर्गत दशरथ रंगशालामा हुने तय भएको नेपाल र बहराइनबीचको खेल बहराइनमा सारिएपछि शुक्रबार संसद्मा प्रश्न उठेको छ। प्रतिनिधिसभा बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद असिम शाहले खेलकुदमन्त्री विराजभक्त श्रेष्ठलाई ध्यानाकर्षण गराउँदै 'होम म्याच' नहुनुका कारणमाथि प्रश्न तेर्स्याएका छन्। 'दशरथ रंगशालामा हुने तय भएको बहराइनविरुद्धको खेल हुन नसक्नुको कमजोरी के रह्यो ?' शाहले प्रश्न गरेका छन्। ८ चैतमा विश्वकप छनोटअन्तर्गत दोस्रो चरणको तेस्रो खेल दशरथ रंगशालामा बहराइनसँग खेल्ने तालिका थियो।

सांसद शाहले सत्ता वा प्रतिपक्ष जहाँ भए पनि जनताका पक्षमा आवाज उठाउने भन्दै आफ्नै पार्टीका मन्त्रीलाई प्रश्न गरेका हुन्। उनले विदेश पलायन भएका फुटबल खेलाडीलाई स्वदेश फिर्ता ल्याउन तथा टियू क्रिकेट मैदानको फ्लड लाइट र स्कोर बार्ड राख्न खेलकुदमन्त्रीलाई ध्यानाकर्षणसमेत गराएका छन्। विश्वकपको छनोट आयोजना गर्ने रंगशालाको फिफा वा एएफसीका प्रतिनिधिले निरीक्षण गर्छन्। यसपटक दशरथ रंगशालाको निरीक्षण एएफसीका प्रतिनिधिले गरेका थिए। रंगशालाको मैदान जीर्ण रहेको भन्दै बहराइनले उजुरी राखेको थियो।

> 'दशरथ रंगशालामा हुने तय भएको बहराइनविरुद्धको खेल हुन नसक्नुको कमजोरी के रह्यो ?' सांसद असिम शाहले खेलकुदमन्त्री विराजभक्त श्रेष्ठलाई प्रश्न गरेका छन्।

त्यही उजुरीकै आधारमा एएफसीका प्रतिनिधिले रंगशालाको निरीक्षण गरेका थिए। एएफसीको प्रतिनिधिका रूपमा भुटानका मिन्दु दोर्जेले रंगशालाको दुबो बिग्रेको र माटोको सतह नमिलेका कारण खेल हुन नसक्ने प्रतिवेदन एएफसीलाई बुझाएका थिए। त्यसपछि एएफसीले न्युट्रल भेन्युमा होम म्याच सार्न एन्फालाई निर्देशन दियो। एन्फाले भुटानमा लैजाने प्रस्ताव गरे पनि बहराइनले उच्च पहाडी भेगमा नखेल्ने बतायो। यसपछि एन्फाले साउदी अरेबियामा आयोजना गर्ने तयारी गरे पनि बहराइन मानेन। उल्टै बहराइनले एन्फालाई आर्थिक सहयोग गर्ने विश्वास दिलाएपछि आफ्नै मैदानमा छनोट खेल आयोजना गर्ने पक्का गरेको थियो।

अब रंगशालामा खेलकुद गतिविधि मात्रै

खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई दशरथ रंगशालासँगै अन्य मैदानमा खेलकुद गतिविधिबाहेकका कार्यक्रम आयोजन गर्न नदिन निर्देशन दिएको छ। पछिल्लोपटक एन्फाले गैरफुटबल गतिविधि आयोजना गर्न राखेपलाई पत्राचार गरेको थियो। मैदान मर्मत-सम्भार गर्नुको सट्टा गैरफुटबल आयोजना गर्न एन्फा महासचिव किरण राई र सहमहासचिव अरुणमान जोशीले राखेपमा फरक पत्राचार गरेका थिए। राई र जोशीले राखेपमा राखेको पत्र सार्वजनिक भएपछि मन्त्रालय र राखेपले एन्फालाई स्पष्टीकरण सोधेका हुन्।

रंगशालामा वेला-वेलामा हुने कन्सर्टले पनि मैदानको दुबो बिग्रँदै आएको थियो। 'नेपाल र बहराइनबीच हुने भनिएको खेल दशरथ रंगशालाको नाजुक स्थितिको कारण बहराइनमा हुने भन्ने खबर प्राप्त भएको एवं मैदानको नाजुक अवस्थाकै बीच मर्मत-सम्भारविना नै निरन्तर खेलकुदलगायत अन्य गतिविधि भइरहेको तर्फ यस मन्त्रालयको ध्यानाकर्षण भएको छ,' मन्त्रालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनेको छ, 'राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २०(१) ले मन्त्रालय आफैंले वा परिषद् मार्फत रंगशालाको मर्मत-सम्भार गर्न सक्ने आधार दिएको छ। नीतिगत अन्योलताको छिट्टै अन्त्य गर्दै रंगशाला मैदानको मर्मत नहुँदासम्म र अन्य रंगशालाहरूको सञ्चालन सम्बन्धमा आवश्यक मापदण्डसहितको कार्यविधि जारी नहुँदासम्मका लागि खेलबाहेकका अन्य गतिविधि गर्नका लागि स्थगित गर्न परिषद्लाई निर्देशन दिइएको छ।'

मोरङ एनआरटीको सामना गर्दै बुढासुब्बाको फाइनलमा



धरानमा केदार बस्नेत

२४औँ अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि न्युरोड टिम (एनआरटी) र मोरङ फुटबल संघबीच आज प्रतिस्पर्धा हुँदै छ। एनआरटी दोस्रोपटक उपाधिनजिक पुगेको हो। मोरङले पहिलोपटक फाइनल स्थान सुरक्षित गरेको हो। एनआरटीले फाइनल स्थान बनाउने क्रममा त्रिभुवन आर्मी र साबिक उपविजेता काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरलाई पराजित गरेको थियो। यस सिजन चारवटा फुटबल प्रतियोगितामा फाइनल खेलेको अनुभवलाई एनआरटीले मोरङसँगको खेलमा पस्कने योजना छ।

एनआरटीका टिम म्यानेजर रामेश लामाले सिजनमा खेलेका चार फाइनलको अनुभव बुढासुब्बामा प्रयोग हुने बताए। 'यस सिजनमा हामी फर्ममा छौं, चार फाइनलको अनुभवले पक्कै काम गर्नेछ,' लामाले भने। एनआरटीले इलाम गोल्डकप उपाधि जितेको थियो। केपी ओली कप र मकवानपुर गोल्डकपमा एनआरटी उपविजेता बनेको थियो। चारपटकको विजेता नेपाल पुलिस र आयोजक धरानलाई हराउँदै मोरङले पहिलोपटक फाइनल खेल्न लागेको हो।

'ए' डिभिजन लिग खेलिसकेका अनुभवी खेलाडी समावेश गरेको मोरङले एनआरटीलाई कडा प्रतिस्पर्धाका रूपमा रहेको जनाएको छ। मोरङका प्रशिक्षक रानु मगरले एनआरटी बलियो टोली भए पनि उच्च मनोबलका साथ आक्रामक फुटबल खेल्ने बताए। धरान रंगशालामा हुने फाइनल खेलका विजेताले १० लाख र उपविजेताले पाँच लाख पाउनेछन्।

सुधार केन्द्रलाई उपाधि

बागलुङ/ दोस्रो जेसिज कप फुटबलको उपाधि बागलुङ सुधार केन्द्रले हात पारेको छ। प्रतियोगिताको शुक्रबार भएको फाइनलमा सुधार केन्द्रले नेपाली सेनाको श्रीमेयर गण घोडाबाँधेलाई ३-२ ले हराउँदै उपाधि हात पारेको हो। खेलको चार मिनेटमै गणका यमलाल वलीले १-० को अग्रता गोल गरे। खेलको २१औँ मिनेटमा गणकै प्रकाश निरौलाले २-० का लागि गोल गरे। खेलको २७औँ मिनेटमा नाइजेरियन खेलाडी साम्बो ओस्करले सुधार केन्द्रलाई २-१ को अन्तरका लागि गोल फर्काए। पहिलो हाफको इन्जुरी समयमा सुधार केन्द्रका अभिषेक रानाले २-२ को बराबरी गोल गरे। खेलको अन्तिम इन्जुरी समयमा सुधार केन्द्रका बरदान निउरेले ३-२ का लागि गोल गरे। उनकै गोलमा सुधार केन्द्रले जेसिज कपको उपाधि उचाल्यो। प्रतियोगितामा उत्कृष्ट गोलरक्षक सुधार केन्द्रका अशोक रेग्मी, डिफेन्डरमा श्रीमेहर गणका कुम कटवाल, मिडफिल्डरमा मार्को भार्ती र उत्कृष्ट खेलाडीका रूपमा सुधार केन्द्रका बरदान निउरे भए।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं
- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्सको रोकथाम तथा उपचारमा सहयोग चाहिएमा
सम्पर्क गर्नुहोस् ।
NARCONON NEPAL
नार्कोनन् नेपाल
The Only Narconon Drug Treatment, Rehabilitation & Prevention Center in South Asia
- बसन्त कुँवर/पुजा कुँवर
रिह्याव स्पेसलिस्ट
(अमेरिका, बेलायत, अस्ट्रेलिया बाट)
नि:शुल्क परामर्शका लागि
नार्कोनन् नेपाल
9851037529, 9745660707,9851048432
01-4377124, 01-4650054
E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

SEGi University & Colleges
STUDY IN MALAYSIA
Foundation II Diploma II Bachelor II Master II Phd
Architecture II Accounting II Business II Biomedical Science II Culinary Arts
Engineering II Hospitality II Interior Design II Information Technology
Marketing II Nursing II Psychology II Tourism II MBA and many more..
SPOT ADMISSION
Meet Ms. Anu, International Marketing of
SEGI University & Colleges @ Study Plus
Date : 13 March - 18 March 2024 Time 11 am - 4 pm
Study Plus
Abroad Study II Edu Tour II PR
STUDY PLUS P. LTD.
1st Floor, Kamaladi, Kathmandu
Tel. 5346352, 5348460, 9849106380
www.studyplus.com.np
Member of ECAN
RM 2000 Rebate Who apply for June 2024

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com